

## १२ भारत-पाकिस्तान सम्बन्ध : एक समीक्षा

भारत र पाकिस्तानको सम्बन्ध एक जटिल ऐतिहासिक यात्रा हो, जसमा पीडा, संघर्ष, आशा र सम्भावना सबै मिश्रित छन् । सम्बन्धमा सुधार ल्याउन पारस्परिक सम्मान, संवेदनशीलतापूर्ण व्यवहार र राजनीतिक साहस अपरिहार्य छ ।

## १६ औपचारिकरूपमा एनआरएनए विभाजन

तत्कालको स्थितिमा एनआरएनए दुई धारमा विभाजित भइसकेको छ । यो विभाजनले गैरआवासीय नेपालीहरूको साझा उद्देश्य, विशेषतः नेपालमा लगानी, ज्ञान र सीप हस्तान्तरणका कार्यसूचीहरू ओझेलमा पार्ने सम्भावना रहेको छ ।







## २०

पूर्वी नेपालको मनोरम सुन्दरता र त्यहाँको संस्कृतिले ओतप्रोत 'ऊनको स्वीटर'को नेपाली सिनेजगतमा चर्चा चुलिएको छ ।

## २४ बिभर्स बेण्ड पार्कमा टहल्दा...



चारैतिर घना जङ्गल । सामसुम वातावरणलाई चिर्दै चराचुरुङ्गी चिरबिर गरिरहेका थिए । ती सुमधुर आवाज सुनेर सारा वातारण नै मन्त्रमुग्ध भइरहेजस्तो लाग्छ ।



## २९ समाजका मानक वेदप्रसाद

युएईका विभिन्न निकायबाट उनलाई थप राम्रो काम गर्नका लागि प्रोत्साहन हुँदै आएको छ । आर्थिक रूपमा सम्पन्न हुँदा पनि उनी सधैं भन्छन्, 'पैसा कमाउनु मात्रै सफलता होइन, सन्तुष्टि समाज सेवामा छ ।'

## ३३ स्वागतका लागि आतुर अमेरिकाका १२ रंगशाला



एक महिनासम्म चल्ने यस प्रतियोगिताका लागि अमेरिकाका विभिन्न शहरमा रहेका १२ वटा स्टेडियम छनोट भइसकेका छन् । मियामीको हार्ड रक स्टेडियममा उद्घाटन खेल हुनेछ भने फाइनल न्यूजर्सीको मेटलाइफ स्टेडियममा खेलाइनेछ ।




अध्यक्ष
**विजयराम पौडेल**

प्रधान सम्पादक
**रोसन पुरी**

प्रमुख कार्यकारी अधिकृत (सीईओ)
**योगेश आदी**

संवाददाता
**कल्पना घिमिरे**
**प्रभात भट्टराई**

व्यवस्थापक (नेपाल)
**सञ्जय पौडेल**

विशेष सल्लाहकार
**रोशन ढुंगाना**
**केदार तिमिल्सिना**

स्तम्भकार
**कुमार न्यौपाने**

लेआउट/ग्राफिक्स
**श्याम स्याङ्बा**

प्रकाशक
**विश्व सन्देश न्यूजपेपर इङ्क**

USA :
81-07 229th Street, Queens Village, NY 11427
Phone : (646) 750-3746, (646) 684-7444
Email : vishwosandesh@gmail.com
: vishwasandeshmedia@gmail.com

**नेपाल :**
बुढानिकलण्ठ-११, काठमाडौं, नेपाल

सम्पादकीय..



हवाई यातायात सुलभ नभएसम्म नेपालको पर्यटन 'नारा'मै सीमित हुनेछ। सरकारले अब हवाई भाडादर घटाउने स्पष्ट नीति लिई पर्यटनमैत्री वातावरण बनाउनु आवश्यक छ, ताकि नेपाल भ्रमणको सपना महँगो टिकटका कारण अधुरो नबनोस्। आउँदो वार्षिक बजेटमा नीतिगतरुपमा नै परिमार्जन गर्न आवश्यक छ ।

# महँगो हवाई टिकट

## बजेटमार्फत नीतिगत परिवर्तनको आवश्यकता

नेपाल दक्षिण एसियाको एक मात्र यस्तो मुलुक हो, जहाँ अन्तर्राष्ट्रिय हवाई टिकट अत्यन्त महँगो छ । भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका वा भुटानभन्दा नेपालको टिकट मूल्य दुई-तीन गुणा बढी पर्नु केवल संयोग होइन- यो नेपालको उड्ड्यन नीतिमा विद्यमान संरचनात्मक कमजोरी, करका बोझ र पूर्वाधार अभावको नतिजा पनि हो ।

पर्यटन उद्योग नेपालको प्रमुख आर्थिक आधार हो भन्ने कुरा कागजमा सीमित छ, व्यवहारमा होइन । महँगो टिकटले विदेशी पर्यटक मात्र होइन, विदेशमा बसोबास गर्ने नेपालीहरूलाई समेत नेपाल आउन निरूत्साहित बनाएको छ । जसको प्रत्यक्ष असर पर्यटन उद्योग, होटल व्यवसाय, हवाई सेवा र विदेशी मुद्रामा परेको छ । खाडीमा श्रम गरिरहेका नेपाली कामदारको हवाई टिकटमै वार्षिक बचत सकिने अवस्था बनेको छ भने विदेशी पर्यटकहरूले सस्तो विकल्पको खोजीमा नेपालभन्दा बंगलादेश वा भारत रोज्न थालेका छन् ।

विदेशी पर्यटक नेपाल भित्रिएपछि खर्च गर्छन् भन्ने मान्यता राख्नुपर्नेमा सरकारले नेपाल नै भित्रिन नदिनेगरी हवाई टिकटको मूल्य बढाउने माध्यमलाई आम्दानीको स्रोत बनाएको छ । हवाई टिकट महँगो हुनुका थुप्रै कारण छन् । हवाई इन्धनको मूल्य प्रतिलिटर १८०-२०० रूपैयाँ पुग्नु, करको भारी बोझ, ग्राउण्ड ह्याण्डलिङ शुल्क, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सीमितता, सिजनल रूपमा कृत्रिम मूल्यवृद्धि, अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको कमी र युरोपेली संघको कालोसूचीमा नेपालको हवाई क्षेत्र पर्नु । यसैका कारण नेपालबाट उड्नुअघि धेरै नेपालीले भारतको दिल्ली वा कोलकाता हुँदै यात्रा गर्न बाध्य छन् ।

भारत, बंगलादेश, पाकिस्तान लगायत देशहरूले अन्तर्राष्ट्रिय एयरलाइन्सलाई प्रोत्साहन गर्ने, कर छुट दिने, इन्धन सस्तो बनाउने नीतिका कारण प्रतिस्पर्धी र यात्रु बढ्ने गरेका छन् । नेपालमा भने करमा राहत दिनुको सट्टा भार थपिएको छ । परिणामस्वरूप टिकटको मूल्य चर्को हुँदा समग्र नेपालको अर्थतन्त्रमा नै असर गर्न थालेको छ । नेपाल सरकारले हवाई पूर्वाधार विकास गर्न बजेट छुट्याउने, निजगढ विमानस्थलको निर्माण अघि बढाउने, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउने र नेपाल एयरलाइन्सलाई व्यावसायिक रूपमा सक्षम बनाउने योजना ल्याए पनि कार्यान्वयनको अवस्था अत्यन्तै फितलो छ ।

विदेशी एयरलाइन्सलाई नेपालमा उडान भर्न प्रोत्साहन गर्नु, युरोपेली संघसँग समन्वय गरेर सुरक्षा मापदण्ड पूरा गर्दै कालोसूचीबाट हटाउने पहल गर्नु, टिकटमा लाग्ने अनावश्यक करहरू हटाउनु, इन्धन कर घटाउनु र प्रतिस्पर्धा बढाउने नीति अवलम्बन गर्नु आजको आवश्यकता हो । हवाई यातायात सुलभ नभएसम्म नेपालको पर्यटन 'नारा'मै सीमित हुनेछ । सरकारले अब हवाई भाडादर घटाउने स्पष्ट नीति लिई पर्यटनमैत्री वातावरण बनाउनु आवश्यक छ, ताकि नेपाल भ्रमणको सपना महँगो टिकटका कारण अधुरो नबनोस् । आउँदो वार्षिक बजेटमा नीतिगतरूपमा नै परिमार्जन गर्न आवश्यक छ ।

नेपालको पर्यटन क्षेत्र आर्थिक विकासको मुख्य आधार हो । तर, अन्तर्राष्ट्रिय हवाई टिकट दक्षिण एसियामै सबैभन्दा महँगो हुनु यस क्षेत्रको विकासमा ठूलो बाधक बनेको छ । यसले नेपाल आउन चाहने विदेशी पर्यटक र विदेशमा बस्ने नेपालीहरूलाई समान रूपमा प्रभावित गरेको छ । नेपालको आर्थिक विकासमा पर्यटनको ठूलो भूमिका छ । तर, अन्तर्राष्ट्रिय हवाई टिकट महँगो हुनुले यसलाई गम्भीर चुनौती बनाएको छ । सरकारले उडड्यन क्षेत्रमा नीतिगत सुधार गर्ने, विमानस्थल विस्तार गर्ने र प्रतिस्पर्धा बढाउने कदम चाल्नुपर्छ । यसले मात्र नेपाललाई दक्षिण एसियाको प्रमुख पर्यटन गन्तव्य बनाउन सहयोग गर्नेछ ।

**रोसन पुरी**
प्रधान सम्पादक

## नेजाको अध्यक्षमा पुनः भण्डारी




लस भेगास । नेपाल अमेरिकी पत्रकार संघ (नेजा)को अध्यक्षमा पुनः सुरज भण्डारी सर्वसम्मत निर्वाचित भएका छन् । नेजाको लस भेगासमा सम्पन्न नवौं महाधिवेशनले भण्डारीको नेतृत्वमा १७ सदस्यीय कार्यसमिति चयन गरेको हो । भण्डारीले नेजाको सचिव, महासचिव हुँदै अध्यक्षको कार्यभार सम्हालिसकेका छन् । उपाध्यक्षमा कल्पना घिमिरे, महासचिवमा ईश्वरी न्यौपाने, सचिवमा शंकरबहादुर थापा, कोषाध्यक्षमा झरना अधिकारी निर्विरोध चयन भएका छन् । त्यस्तै क्षेत्रीय संयोजकहरूमा शान्तिराज राई (उत्तर पूर्व), दीपक दाहाल (पश्चिम), ओम आचार्य (मध्य) र सृजना काफ्ले (डिसी मेट्रो) चयन भएका छन् । कार्यसमिति सदस्यहरूमा निवर्तमान उपाध्यक्ष सुजन पण्डित, निवर्तमान महासचिव बाबुराम दाहाल, डा. डोल्मा लामा, यसोदा तिमल्सिना, राजकुमार तामाङ (गोले), जानु पंगेनी, दिपेन्द्र खड्का, डिल्लीबहादुर राउत रहेका छन् ।

नेजाको निर्वाचन सम्पन्न गरी नयाँ नेतृत्व चयनका गर्नका लागि कार्यसमितिले संस्थापक अध्यक्ष गिरीश पोखरेलको संयोजकत्वमा ४ सदस्यीय निर्वाचन समिति बनाएको थियो । निर्वाचन समितिको सदस्यहरूमा मोहनसिङ लामा, रामेश्वर भण्डारी र गोपाल गड्तौला रहेका थिए । यसैबीच नेजाले एनआरएनए र नेजाको सहकार्यमा नेजा एनआरएनए पत्रकारिता सम्मान ३ जना पत्रकारहरूलाई १-१ हजार डलरसहित पत्रकारिता सम्मान प्रदान गरेको छ । नेजाका पुर्वअध्यक्ष, सल्लाहकार तथा एभरेष्ट टाइम्स न्युज डटकमका प्रधान सम्पादक आङछिरिङ शेर्पा र नेजाका पूर्व महासचिव किरण मरहट्टालाई प्रदान गरिएको छ । कार्यक्रममा पूर्व कान्तिपुरकर्मी विजय घिमिरेलाई पनि सम्मान गरिएको थियो । घिमिरेलाई दुई वर्ष अघि नै पुरस्कार प्रदान गर्ने घोषणा गरिएको थियो । पुरस्कार छनोट समितिमा नेजाका सदस्य नारायण पुरीको संयोजकत्वमा ५ सदस्यीय समिति बनाइएको थियो ।

समितिमा नेजाका पूर्वउपाध्यक्ष तथा सल्लाहार मच्छेदेवी गुरूङ, नेजाका कोषाध्यक्ष जानु पंगेनी, एनआरएनएका सदस्यहरू सरू शर्मा तथा रीतादेवी प्रधान रहेका थिए । नेजा सामुदायिक पत्रकारिता पुरस्कार खसोखासका प्रधान सम्पादक किशोर पन्थी र हिमालय खबर डटकमका रामचन्द्र भट्टलाई संयुक्तरूपमा प्रदान गरिएको छ । पुरस्कारको राशी १ हजार डलर रहेको छ । नेजाको नवौं अधिवेशनका लागि नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्मा प्रमुख अतिथिका रूपमा उपस्थित भएका थिए । नेजाको अधिवेसनको उद्घाटन सत्रमा सहभागी हुन विभिन्न संघसंस्थाका प्रतिनिधीहरू सहभागी थिए । नेजाको नवौ अधिवेशनमा सहभागी हुन विभिन्न राज्यबाट पत्रकारहरू सहभागी भएका थिए । नेजाको पश्चिम क्षेत्रीय संयोजक रोशन अधिकारीले नवौं अधिवेशनको कन्भेनरको भूमिका निभाएका थिए ।

## कोलोराडोमा बुद्ध जयन्ती सम्पन्न




कोलोराडो । बौद्ध समाज कोलोराडोले एक कार्यक्रमको आयोजना गरी सेन्टेनियलमा बुद्ध जयन्ती मनाएको छ । भक्तपुर मुनि बिहारका भिक्षु उत्तमले भिडियो कलमार्फत पञ्चशील ग्रहण गराउनुका साथै बुद्धका करूणा र शान्तिका मार्गदर्शकबारेमा पनि मन्तव्य दिएका थिए । बौद्ध समाज कोलोराडोका अध्यक्ष श्याम श्रेष्ठले कार्यक्रममा सहभागीहरूलाई धन्यवाद दिए । कार्यक्रममा बुद्धको पूजा तथा सकारात्मक सोंचका लागि धागो पनि वितरण वितरण गरिएको थियो । कार्यक्रममा ससाना नानीबाबुहरूलाई ड्रविङ तथा कलरिङ् गेम पनि खेलाइएको थियो । कार्यक्रमको सञ्चालन बिनिशा श्रेष्ठले गरेकी थिइन् ।

## नेपाली अमेरिकी सामुदायिक केन्द्रको बाल कार्यक्रम



भर्जिनिया । नेपाली अमेरिकी सामुदायिक केन्द्र (एनएसीसी)ले भर्जिनियाको मनाससमा दुई विशेष बाल कार्यक्रम सम्पन्न गरेको

छ । कार्यक्रमअनुसार एनएसीसीले 'टिम बिल्डिङ' र 'स्पेलिङ बी' नामक प्रतियोगिता सम्पन्न गरेको हो ।

टिम बिल्डिङअन्तर्गत सम्पन्न अधिकारी, गीता गुप्ता, प्रशान राउतले पहिलो स्थान प्राप्त गरे । त्यसैगरी सम्पदा गुप्ता, कविता लयालु, सुहाना केसी दोस्रो तथा साशा पोखरेल र इभाना घिमिरेले तेस्रो स्थान प्राप्त गरेका थिए । त्यसैगरी 'स्पेलिङ बी'तर्फ हितेश केसी (पहिलो), सफल भट्टराई (दोस्रो) र सम्यक लयालु (तेस्रो भएका थिए ।

बालबालिकाको सहकार्य, सिर्जनशीलता र सञ्चार क्षमतालाई अभिवृद्धि गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको थियो ।

## प्रवासी नेपाली मञ्चको अधिवेशन टेक्ससमा हुँदै

न्युयोर्क । प्रवासी नेपाली मञ्च अमेरिकाले आगामी मे ३१ र जुन १ मा आफ्नो चौथो अधिवेशन गर्दैछ । टेक्सस राज्यको डालसमा हुन गइरहेको अधिवेशनमा २३५ समिति सदस्यको सहभागिता हुनेछ । दुई दिने अधिवेशनले नयाँ कार्यसमिति चयन गर्दै संस्थाको भावी गतिविधिलाई सक्रिय रूपमा अगाडि बढाउने जनाइएको छ ।

समितिले गत आइतबार साँझ जुममार्फत पत्रकार सम्मेलन गर्दै आगामी अधिवेशनबारे जानकारी दिएको हो । यसपटक कार्यक्रमको उद्घाटन गर्नका लागि नेपालबाट अतिथि बोलाइएको छैन । प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका अध्यक्ष संजय थापाद्वारा कार्यक्रम उद्घाटन गरिने मञ्चका अमेरिकाका अध्यक्ष कृष्ण लामिछानेले जानकारी दिए । उनले अधिवेशनमा सबैलाई सहभागी हुन पनि आह्वान गरेका छन् ।

अधिवेशनमा परम्परागत रूपमा गरिने उद्घाटन कार्यक्रमहरू हटाएर नयाँ प्रयोग गरिनेछ । आईटीका विज्ञहरूबाट सूचना र प्रविधिको विकासबारे जानकारी गराउने, कसरी व्यवसायमा लगानी गर्ने भन्नेबारे छलफल गरिने पनि बताए ।

मञ्च अमेरिकाको २७ राज्यमा विस्तार भइसकेको छ र सदस्य संख्या ८६३ रहेको छ । अधिवेशनमा २३५ प्रतिनिधिले भाग लिने बताइएको छ । अधिवेशनमा सर्वसम्मतिले नयाँ कार्यसमिति चयन गरिनेछ । सहमतिमार्फत चयन हुन नसके मात्रै निर्वाचन प्रक्रियामा जानुपर्ने भएकाले निर्वाचनमा अनलाइनमार्फत समेत मतदान गर्ने व्यवस्था मिलाइएको मञ्चका सचिव छवि पाण्डेले जानकारी दिए । ■

हरेक प्रकारको गाडी मर्मतका लागि सम्झनुहोस् ।

RYAN

57-09 37th Avenue
Woodside, NY 11377
Tel: 718-205-3590
Fax: (646) 577-3313

ULLAH

HUDSON
COLLISION & AUTO REPAIR
Auto body, Engine & Transmission
Email: hudsonmotersinc@gmail.com

# LAW OFFICES OF GIRIJA P. GAUTAM, PLLC.

## Immigration Attorney for effective representation in all Family based Immigration matters

**Kinds of immigration matters including:**

- Representation before Immigration Court
- Fiance Visa (K-1)
- H-1B, L-1, and O-1 Visas
- EB-1 (people with extraordinary ability)
- EB - 5 (green card for family by investing $800k or $1 million plus
- Any other legal matter

**FREE** consultation by appointment only



Tel.: (347) 813-4431

72-28 Broadway, 3rd Floor
Jackson Heights, NY 11372

Email: info@gautamlaw.com | w.w.w.gautamlaw.com

Hillside Toyota

HILLSIDE AVE
QUEENS BLVD

TOYOTA

TITAN MOTOR GROUP

# Outstanding Experience from Start to Finished



## We Sale Brand New Vehicles & Pre-owned Vehicles

**We Deal with New & Used Cars/TLC**




**TEL: 718-657-5500 ext.2197**
**139-65 Queens Boulevard**
**Jamaica NY 11435**

- Free NYS inspections for the life of your Vehicle
- One year of free oil changes
- Loaner car while you service your vehicle
- Free key replacement for lost keys for 1 year
- Veicle paint and fabric sealant on every vehicle



**Mr. Raja Ghimire**
Fleet Specialist
(646) 584-0674

# 1 Fleet Dealership in East Coast (Uber Driver statement)

# 1 TOYOTA Dealer of New Car & CPO Sales, in the NYC 5 Borough

**समस्त नेपाली Community का लागि विशेष Summer Sales event in**

**Hillside TOYOTA**




# गैरआवासीय नागरिकतामा सरकारको अङ्कुश

## आफ्नै नागरिकले भिसा लिनुपर्ने व्यवस्था

■ **योगेश आदी**
न्यूयोर्क

गैरआवासीय नेपाली नागरिकता प्राप्ति सुरू गरिएको दुई वर्ष पुग्दासमेत संविधानले दिएका अधिकारबाट गैरआवासीय नेपालीलाई अझै पनि वञ्चित गरिएको छ । नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको राजनीतिक अधिकारबाहेकको अधिकार प्रयोगमा सरकारले प्रतिबन्ध लगाएको छ । नेपालको संविधान २०७२ ले विदेशमा बसोबास गरिरहेका नेपाली मूलका व्यक्तिहरूलाई विशेष प्रकारको नागरिकता अर्थात् गैरआवासीय नेपाली नागरिकता दिने व्यवस्था गरेको छ । संविधानले नेपालको सामाजिक, सांस्कृतिक र आर्थिक जीवनमा सहभागिता जनाउने अधिकार प्रदान गरेको छ । तर, राजनीतिक अधिकार अर्थात् मतदान वा उम्मेद्वारी दिने अधिकार भने दिएको छैन ।

संविधान जारी भएको लामो समयपछि २०७९ सालमा संशोधन गरिएको नागरिकता ऐनअनुसार सार्क राष्ट्रबाहेक अन्य देशको नागरिकता लिएका व्यक्तिहरू, जो स्वयं उनका आमाबाबु वा हजुरबुवा वा हजरआमाले जन्म वा वंशजको आधारमा नेपाली नागरिकता लिएका थिए, उनीहरूले गैरआवासीय नेपाली नागरिकता पाउन सक्ने व्यवस्था गरियो । यो व्यवस्थाअनुसार नेपाली मूलका तेस्रो पुस्तासम्म अर्थात् नाति-नातिनाले समेत यो नागरिकता प्राप्त गर्ने बाटो खोलिएको थियो । ऐनअनुसार पहिले नेपाली नागरिकता लिएका थिए र पछि विदेशी नागरिकता लिएको अवस्थामा गैरआवासीय नेपाली नागरिकता लिन उक्त व्यक्तिले पहिलेको नेपाली नागरिकता त्याग गरेको हुनुपर्ने व्यवस्था राखिएको छ ।

गैरआवासीय नेपाली नागरिकता लिन सुरू भएको छोटो समयमा नै हजारौंले गैरआवासीय नागरिकता प्राप्त गरेका छन् । नागरिकता प्राप्तिदेखि यसको अधिकारका विषयमा फरक-फरक धारणा रहेको छ । नेपालको संविधान तथा कानूनको पालना गर्ने शपथ लिनुपर्ने र गैरआवासीय नेपाली नागरिकले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा

राष्ट्रहित विपरीत कार्य गरेमा, सरकारले उक्त व्यक्तिको नागरिकता खारेज गर्नसक्ने प्रावधान रहेको छ । तर, संविधानले दिएका अधिकार प्रयोगमा भने वञ्चित गरिएको छ । संविधानले दिएका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रयोग गर्न अहिले जारी भएको गैरआवासीय नेपाली नागरिकताले पाइँदैन । सरकारले नागरिकता ऐनलाई संशोधन गर्न ल्याएको अध्यादेशमार्फत पनि संवैधानिक अधिकारको प्रत्याभूत हुन सकेन ।

आफ्नै मातृभूमिसँग भावनात्मक, सांस्कृतिक र आर्थिक नाता कायम राख्ने अवसरलाई रोकिएपछि गैरआवासीय नेपाली संघ (एनआरएनए)ले औपचारिकरूपमा विरोध गरेको छ । संघमा आएको विभाजन र विभिन्न गुट-उपगुटले एनआरएनए स्थापना कालदेखिको एजेण्डा अर्थात् 'एक पटकको नेपाली, सधैंको नेपाली' कमजोर बनेको छ । संविधानले प्रत्याभूत गरेका अधिकार प्राप्तिमा पनि समस्या आएको छ । एनआरएनए विभाजनले गैरआवासीय नेपालीले पाउने अधिकार प्राप्त गर्न सकेका छैनन् । राजनीतिक दलहरूबाट सञ्चालित एनआरएनएको नेतृत्वले राजनीतिक नेतृत्वसँग गहन र निर्णायक छलफल गर्न नसक्दा अधिकार प्राप्तिमा समस्या भएको हो ।

### कतिले प्राप्त गरे गैरआवासीय नागरिकता ?

गैरआवासीय नेपाली नागरिकता वितरण २०८० साल असोज ३० गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुरू गरेका थिए । एनआरएनएका तत्कालीन अध्यक्षद्वय कुल आचार्य र डा. बद्री केसीलाई पहिलो नागरिकता प्रदान गरेर गैरआवासीय नेपाली नागरिकता वितरण गरिएको थियो । आचार्यले जिल्ला प्रशासन कार्यालय पर्वतबाट र केसीले काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट जारी भएको नागरिकता प्रधानमन्त्रीबाट प्राप्त गरेका थिए । नेपालको संविधान २०७२ ले गैरआवासीय नेपालीलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारसहितको नागरिकता दिने व्यवस्थालाई व्यवहारमा सुरू हुँदा गैरआवासीय नेपालीमा उत्साह थियो ।

नागरिकता प्राप्त गर्ने प्रक्रिया सुरू भएपछि देशैभरका जिल्ला प्रशासन कार्यालयमार्फत गैरआवासीय नेपाली नागरिकता लिनेको संख्या हजारौं पुगेको छ । तर, गैरआवासीय नेपाली नागरिकतालाई संविधानले भनेअनुसार राजनीतिक अधिकारबाहेकका अधिकार भने दिइएको छैन । नागरिकता ऐनमा 'विदेशी मुलुकको नागरिकता प्राप्त गरी सार्क सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउनेगरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने' व्यवस्था छ । नेपालको नागरिकता फिर्ता नगरेर विदेशी नागरिकता

> **गैरआवासीय नेपालीलाई संवैधानिकरूपमा प्राप्त हक सुनिश्चिताका लागि अध्यागमन ऐन, मालपोत लगायतका विभिन्न कानूनलाई संशोधन प्रक्रिया यथाशीघ्र अगाडि बढाउन आवश्यक छ ।**

लिएका व्यक्तिले भने गैरआवासीय नेपाली नागरिकता लिन पहिलेको नेपाली नागरिकता फिर्ता गर्नुपर्ने व्यवस्था ऐनमा छ ।

लामो समयको छलफलपछि संशोधन भएको ऐनले नागरिकता प्राप्त गर्ने व्यक्तिले शपथ लिनुपर्ने र प्रतिबद्धता जनाउनु पर्ने व्यवस्था गरेको छ । नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रहित विपरीत कार्य गरेको ठहरेमा सरकारले त्यस्ता व्यक्तिलाई दिइएको नागरिकता भने रद्द गर्न सकिने प्रावधान छ । हजारौं व्यक्तिले नागरिकता लिएसँगै यसका फाइदा र बेफाइदाका विषयमा बहस चलिरहेको छ । अहिलेको नागरिकताले कुनै पनि प्रकारको अधिकार प्राप्त गर्न सक्ने अवस्था छैन । कानूनमै उक्त कुरा राखिएको छैन । संविधानले दिएका सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार पनि यो नागरिकताले दिन सक्दैन । त्यसैले नागरिकता ऐनलाई फेरि संशोधन गरेर यी अधिकारको प्रत्याभूति हुनेगरी काम गर्नुपर्नेमा सरोकारवाला निकायले जोड दिएका छन् ।

गैरआवासीय नेपाली नागरिकता वितरण सुरू भएको झण्डै दुई वर्ष पुग्न लाग्दासमेत यसको तथ्याङ्क गृह मन्त्रालयसँग छैन । अहिलेसम्म कति जनाले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरे भन्ने उत्तर गृह मन्त्रालय र एनआरएनएको सचिवालयसँग छैन । मन्त्रालयका उपसचिव तथा सूचना अधिकारी रविन्द्र आचार्यले ७७ वटै जिल्ला प्रशासन कार्यालयले नागरिकता जारी गर्ने भएकाले यकिन तथ्याङ्क मन्त्रालयसँग नभएको बताए । उनले विश्वसन्देशसँग भने, 'हामीसँग यसको एकीकृत तथ्याङ्क छैन । मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयमार्फत डाटा कलेक्सन गरेपछि मात्रै भन्न सकिन्छ । त्यसका लागि समय लाग्छ । त्यही अवधिमा पनि तथ्याङ्क फरक-फरक हुनसक्छ । त्यसैले हरेक जिल्ला प्रशासन कार्यालयमार्फत तपाईंले विवरण लिन सक्नुहुन्छ ।'

गृह मन्त्रालयको नागरिकता महाशाखा प्रमुख जननारायण आचार्यले भने ५ हजार २ सय जनाले गैरआवासीय नेपाली नागरिकता लिइसकेको बताएका छन् । उनले भने, 'विभिन्न जिल्लाबाट गैरआवासीय नेपाली नागरिकता लिनेको संख्या बढिरहेको छ । अहिलेसम्म देशैभरबाट ५ हजार २ सयको हाराहारीमा गैरआवासीय नेपाली नागरिकता जारी भएको छ । अधिकार सम्पन्न भएको अवस्थामा यो संख्या ह्वात्तै बढ्ने अनुमान गरेका छौं । गैरआवासीय नेपालीका माग सम्बोधनका लागि विभिन्न १४ वटा ऐन संशोधनको आवश्यकता हुन्छ । त्यसैले कानूनीरूपमा नै यो विषयको निरूपण हुनुपर्छ ।' गैरआवासीय नेपालीलाई संवैधानिकरूपमा प्राप्त हक सुनिश्चिताका लागि अध्यागमन ऐन, मालपोत लगायतका विभिन्न कानूनलाई संशोधन प्रक्रिया यथाशीघ्र अगाडि बढाउन आवश्यक छ ।

एनआरएनएका उपमहासचिव एवम् प्रवक्ता सोम सापकोटाले हजारौंले गैरआवासीय नेपाली नागरिकता लिएको बताए । उनले भने, 'यकिन तथ्याङ्क नभए पनि झण्डै

## यसरी प्राप्त गर्न सकिन्छ गैरआवासीय नेपाली नागरिकता

**आवश्यक कागजपत्र**

१. नेपाली नागरिकताको प्रमाण ।
२. आफ्नो बाबु-आमा वा बाजे-बज्यैको नेपाली नागरिकताको प्रमाणपत्र ।
३. विदेशी नागरिकताको प्रमाण ।
४. विदेशी पासपोर्ट वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
५. निवेदन फारम गृह मन्त्रालय वा नेपाली दूतावासबाट प्राप्त गर्न सकिने ।
६. शपथपत्र ।
क. मैले नेपालको संविधान र कानुन मान्नेछु, राजनीतिक अधिकार माग्ने छैन भन्ने प्रतिबद्धता ।
ख. नैतिक चरित्र प्रमाणपत्र, अपराधमा संलग्न नभएको स्वघोषणा ।
ग. नेपाली दूतावास वा जिल्ला प्रशासन कार्यालयमा सनाखत गर्ने व्यक्तिको विवरण ।

**कसरी गर्ने आवेदन ?**

क. नेपालबाट आवेदन दिएमा

१. जिल्ला प्रशासन कार्यालयमा निवेदन पेश गर्ने ।
२. प्रमुख जिल्ला अधिकारीले छानबिन गरी योग्य ठहर्ने ।

**ख. विदेशबाट आवेदन दिएमा**

१. नेपाली राजदूतावास, नियोग वा महावाणिज्य दूतावासमा निवेदन दिने ।
२. दूतावासले परराष्ट्र मन्त्रालयमार्फत् जिल्ला प्रशासनमा पठाउने ।
३. सनाखत प्रक्रियाअन्तर्गत नेपालमा रहेका नातेदार वा चिनजानले सनाखत गर्ने व्यक्तिको नाम उल्लेख गर्ने ।
५. अनुमोदनपछि गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

**ग. शुल्क कति ?**

१. एआरएनए परिचयपत्रका लागि ५०० अमेरिकी डलर ।
२. अन्य अतिरिक्त शुल्क लागेमा बुझाउने ।

१५ हजारभन्दा धेरैले गैरआवासीय नेपाली नागरिकता लिएको अनुमान गरिएको छ । हरेक जिल्ला प्रशासन कार्यालयमार्फत जारी हुने भएकाले यसको एकीकृत तथ्याङ्क एनआरएनएसँग पनि छैन । पछिल्लो समय नागरिकता प्राप्त गरेपछि एनआरएनए कार्डभन्दा फरक नभएपछि बनाउनेहरूको संख्या घटेको छ । हामीले निरन्तर अधिकारका लागि पहल भने गरी नै रहेका छौं ।' गैरआवासीय नेपाली संघ र गृह मन्त्रालयसँग विवरण नभए पनि हजारौं गैरआवासीय नेपालीले नागरिकता लिएका छन् । तर, संवैधानिक अधिकार प्राप्त नहुँदा लिनेको संख्यामा बिस्तारै कमी आएको अनुमान गरिएको छ ।

**कसरी प्राप्त गर्न सकिन्छ ?**

गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्नका लागि इच्छुक व्यक्तिले आफू वा आफ्ना पूर्वजको नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयमार्फत निवेदन दिन सक्नेछन् । त्यस्तै, नेपाली राजदूतावास वा महावाणिज्य दूतावासमार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सकिने व्यवस्था गरेको गृह मन्त्रालयले जनाएको छ । दूतावासमार्फत दिइएको निवेदन परराष्ट्र मन्त्रालय हुँदै सम्बन्धित जिल्ला प्रशासन कार्यालय पुग्छ । जहाँ आवेदकको नेपाली नातेदार वा चिनजानको व्यक्तिले सनाखत गरिदिनुपर्छ । त्यसका लागि जिल्ला प्रशासन कार्यालय आफैंले सहयोग गर्छ ।

आवेदन दिनका लागि आवेदकको नाम, थर र ठेगाना उपलब्ध हुनुपर्छ । त्यस्तै गैरआवासीय नेपाली परिचयपत्र नम्बर, विदेशी नागरिकताको विवरण, पासपोर्टको प्रतिलिपि र नैतिक पतन देखिने फौजदारी अपराधमा संलग्न छैन भन्ने स्वघोषणा पनि आवश्यक पर्ने मन्त्रालयले जनाएको छ । जिल्ला प्रशासन कार्यालयका प्रमुख अर्थात् सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले सबै विवरणको छानबिन गरेर नागरिकता दिन उपयुक्त देखिएमा मात्र प्रमाणपत्र जारी गर्न सक्छन् । शंका लागेमा वा कागजात नपुगेमा प्रमुख जिल्ला अधिकारीले विदेशी राहदानी वा नागरिकताको वैधतासम्बन्धी जानकारी नेपाली नियोग, दूतावास वा महावाणिज्य दूतावासमार्फत लिन सक्नेछन् । त्यसरी प्राप्त गरेको गैरआवासीय नागरिकता ७ वर्षका लागि मान्य हुन्छ । त्यसपछि नवीकरण गर्नुपर्ने प्रावधान राखिएको छ ।

गैरआवासीय नेपाली नागरिकताका लागि ५ सय अमेरिकी डलर शुल्क लाग्छ । जुन गैरआवासीय नेपाली परिचयपत्रको शुल्क पनि हो । यो परिचयपत्र नलिएर नागरिकता लिन सकिँदैन । नागरिकता प्रमाणपत्र लिनुअघि आवेदकले प्रमुख जिल्ला अधिकारी वा तोकिएको प्रतिनिधिसमक्ष शपथ लिनुपर्छ । शपथमा आवेदकले नेपालको संविधान र कानूनको पालना गर्ने र यो नागरिकताले प्रदान नगरेका अधिकारहरू जस्तै- मतदान, उम्मेद्वार बन्ने वा सरकारी सेवामा प्रवेश गर्ने लगायतका दाबी नगर्ने प्रतिबद्धता पनि गर्नुपर्ने मन्त्रालयका सूचना अधिकारी आचार्यले बताए । गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति कसैले नेपालको सार्वभौमिकता, अखण्डता वा राष्ट्रहित विपरीत काम गरेको पाइएमा नेपाल सरकारले सम्बन्धित व्यक्तिको नागरिकता रद्द गर्न सक्ने प्रावधान पनि रहेको छ ।

गैरआवासीय नेपाली नागरिकताको व्यवस्था नेपाली मूलका व्यक्तिलाई आफ्नो पूर्वज वा जन्मभूमिसँग भावनात्मक सम्बन्ध कायम गर्नका लागि महत्वपूर्ण उपलब्धि हो । तर, संविधानले दिएका अधिकार पनि यो नागरिकता प्राप्त गरेपछि पाउन सकिएको छैन । नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध कायम राख्नका लागि महत्वपूर्ण अधिकारको माध्यम भने

गैरआवासीय नेपाली नागरिकता हो । यो प्रक्रिया र कानूनीरूपमा प्रष्टता आवश्यक छ । व्यावहारिकरूपमा यसलाई थप सुधार गर्न कानूनीरूपमै सम्बोधन गर्नुपर्छ ।

**नागरिकता प्राप्त भएपछि के भयो ?**

नेपालको संविधानले गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिले राजनीतिक अधिकारबाहेकका सबै अधिकार प्रत्याभूत गरेको छ । तर, अहिले प्राप्त गैरआवासीय नागरिकताले भने एनआरएनए कार्डको मात्रै भूमिका निर्वाह गरेको छ । नागरिकता प्राप्त व्यक्तिले भिसा लगाउनुपर्ने, आर्थिक कारोबार गर्न नमिल्ने लगायतका गम्भीर समस्या देखिएको छ । एनआरएनए प्रवक्ता सापकोटा भन्छन्, 'संविधानले प्रत्याभूत गरेका राजनीतिकबाहेकका अधिकार दिइएको छैन । जग्गा पास हुँदैन, बैंकमा खाता खोल्न सकिँदैन । आफ्नो नागरिकलाई भिसा लगाउनुपर्ने यस्तो पनि हुन्छ ? प्रधानमन्त्रीलाई हामीले पटक–पटक यो विषय जानकारी गराएका छौं । गृह, अर्थ र परराष्ट्र लगायतका निकायले एक पटक समन्वय गरेर हाम्रो संवैधानिक अधिकार सुनिश्चित हुनुपर्छ ।' अहिले नागरिकता र एनआरएनए कार्डमा कुनै पनि प्रकारको अन्तर छैन ।

कानूनी अस्पष्टता, कार्यान्वयनमा भएको ढिलाइ र आवश्यक संरचनाको अभावले गर्दा नागरिकता प्राप्त गरेपछि पनि गैरआवासीय नेपालीहरू आफ्ना अधिकार प्रयोग गर्न नसकेको गुनासो गर्दै आइरहेका छन् । गैरआवासीय नेपाली संघका अध्यक्ष बद्री केसीका अनुसार संविधानले अधिकार सुनिश्चित गरे पनि कार्यविधि र नियमावली अद्यावधिक नहुँदा नागरिकता लिएका व्यक्तिहरू अधिकारविहीन बनेका छन् । 'हामीले नागरिकता पायौं, तर व्यवहारमा कुनै अधिकार प्रयोग गर्न सक्दैनौं । कानून संशोधनबिना यस समस्याको समाधान सम्भव छैन्,' केसी भन्छन् । कानून संशोधनको मस्यौदा तयार गराएर परामर्शका लागि सम्बन्धित मन्त्रालयहरूमा सकिएको छ । यो संशोधनले गैरआवासीय नेपाली नागरिकताका आधारमा नेपाली राहदानी प्राप्तिको सम्भावना, सम्पत्ति व्यवस्थापनको सहजता, तथा अन्य नागरिक अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।

नेपालीहरूलाई भिसा नलगाई नेपाल आउन दिने, जग्गा पास गर्न दिने र नेपालमा लगानी, व्यापार तथा पैतृक सम्पत्तिमा सहज पहुँच दिने खालका व्यवस्थाहरू प्रस्ताव गरिए पनि सरकारले यो कुरालाई व्यवहारमा प्राथमिकतामा राखेको छैन । प्रधानमन्त्री केपी शर्मा ओलीले एनआरएनएका मुद्दामा आफू सधैं सकारात्मक भएको बताएका छन् । तर, सरकारले ल्याएको अध्यादेशप्रति गैरआवासीय नेपालीलाई अपमान गरिएको आरोप गैरआवासीय नेपालीको छ । अहिले देखिएका कुनै पनि कुरा सम्बोधन नभएपछि एनआरएनएका विभिन्न गुटहरूले सरकारलाई ध्यानाकर्षण गराएका छन् । गैरआवासीय नेपाली नेपाल आउँदा भिसा शुल्कवापतको रकम आम्दानी हुने भएपछि सरकारले यो व्यवस्थालाई सजिलो बनाउने

> **'हामीले नागरिकता पायौं, तर व्यवहारमा कुनै अधिकार प्रयोग गर्न सक्दैनौं । कानून संशोधनबिना यस समस्याको समाधान सम्भव छैन् ।'**

अवस्था देखिँदैन । त्यसैले थप दबाब बढेको एनआरएनएका नेताहरूको भनाइ छ ।

गैरआवासीय नेपालीहरूले कानुनीरूपमा नागरिकता प्राप्त गरे पनि व्यवहारमा जग्गा किनबेच, सवारीचालक अनुमतिपत्र लिनु, नेपाल प्रवेश गर्दा लाग्ने भिसा शुल्क लगायतका समस्या भोलिरहेका छन् । काठमाडौंस्थित डिल्लीबजार मालपोत कार्यालयका अनुसार भूमिसम्बन्धी निर्देशिकामा 'नेपाली नागरिक' भनी उल्लेख गरिएको भए पनि गैरआवासीय नेपालीलाई स्पष्ट रूपमा नेपाली नागरिकका रूपमा परिभाषित नगरेका कारण घरजग्गा पास गर्दा पनि अप्ठ्यारो भएको छ । यस्तै, अध्यागमन विभागका अनुसार गैरआवासीय नेपाली नागरिकताका धनीहरू नेपाल आउँदा अन्य विदेशी नागरिकसरह भिसा तिरेर आउनुपर्छ । नेपाली राहदानी नभएका कारण उनीहरूलाई भिसा शुल्क तिर्नु अनिवार्य हुन्छ । अहिले भिसा शुल्क मासिक १० अमेरिकी डलर निर्धारण गरिएको छ ।

गैरआवासीय नेपालीहरूले सरकारी सेवामा प्रवेश र नेपाली राहदानी पाउने अधिकार माग गरे पनि सरकारी धारणा स्पष्ट छ । गृह मन्त्रालयले भने गैरआवासीय नागरिकता भनेको नेपाली नागरिकता परित्याग गरिसकेका र विदेशी नागरिकता लिएका व्यक्तिहरूलाई दिइने नागरिकता भएकाले नेपाली राहदानी वा सरकारी सेवाको अधिकार प्रदान गर्न नसकिने प्रष्ट पारेको छ । सरकारले गैरआवासीय नेपाली नागरिकतालाई दोहोरो नागरिकताको रूपमा बुझ्न नमिल्ने जनाएको छ । नेपालको कानूनले दोहोरो नागरिकताको परिकल्पना नगरेकाले गैरआवासीय नेपालीहरूले केही सीमित अधिकार मात्रै प्रयोग गर्न पाउने व्यवस्था गरिएको गृह मन्त्रालयका एक उच्च अधिकारीले विश्वसन्देशलाई जानकारी दिए ।

गैरआवासीय नेपाली नागरिकताको वैधानिक अस्तित्व हुँदाहुँदै पनि अधिकार प्रयोगमा देखिएको व्यावहारिक जटिलता, कानुनी अस्पष्टता र नीतिगत ढिलाइका कारण समस्याहरू बढेका छन् । सरोकारवाला निकायबीच समन्वय, कानुनको शीघ्र संशोधन र कार्यविधिको स्पष्टता आजको आवश्यकता बनेको छ । गैरआवासीय नेपालीहरूले संविधानले प्रत्याभूत गरेका अधिकारहरूको पूर्ण उपयोग गर्न पाउने वातावरण निर्माण गर्नु नेपाल सरकारको जिम्मेवारी हो । कानुनी तथा संस्थागत सुधारमार्फत मात्र विश्वभर फैलिएका नेपालीहरूलाई मातृभूमिसँगको सम्बन्ध मजबुत बनाउन सकिनेछ । प्रधानमन्त्रीदेखि मन्त्रीसम्म र राजनीतिक दलले प्रतिबद्धता जनाए पनि गैरआवासीय नेपाली नागरिकको अधिकारको विषय निष्कर्षमा भने पुग्न सकेको छैन ।

**दलहरूको प्रतिबद्धता तर व्यवहार फरक**

एनआरएनएले यही मे १४ मा काठमाडौंमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले गैरआवासीय नेपालीका माग सम्बोधनमा सरकार गम्भीर भएको बताए । तर, उनै नेतृत्वको सरकारले अध्यादेश ल्याउँदा ती माग सम्बोधन भने हुन सकेनन् । अहिले पनि ओलीले माग सम्बोधनको

प्रयास भइरहेको बताएका छन् । व्यवहारमा भने उनले विभिन्न ऐन संशोधनको प्रक्रिया अगाडि बढाएका छन् । प्रधानमन्त्रीको जस्तै व्यवहार विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूले देखाइरहेका छन् । गैरआवासीय नेपालीसँग माग पूरा गर्ने प्रतिबद्धता जनाउने र व्यवहारमा भने फरकपन देखिने समस्या नेपालमा नयाँ होइन । कार्यक्रममा पुगेका एमाले मुख्य सचेतक महेश बर्तौलाले प्रशासनिक जटिलताका कारणले सहज कार्यान्वयन हुन नसकेको बताए । उनले भने, 'गैरआवासीय नेपालीलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार दिइएको भए पनि प्रशासनिक जटिलताका कारणले गर्दा सहजरूपमा कार्यान्वयनमा चुनौती आएको छ । गैरआवासीय नेपाली नागरिकताबाट मालपोतमा जग्गा खरिद गर्न सजिलो बनाउनु पर्छ ।'

नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका नेताहरूले पनि गैरआवासीय नेपालीका माग सम्बोधनमा एमालेले जस्तै प्रतिबद्धता जनाएका छन् । ६० लाख आप्रवासी नेपालीका समस्या सम्बोधनमा जिम्मेवार भएर लागेको उनीहरूको भनाइ छ । नेपाली कांग्रेसका नेता रामहरि खतिवडाले गैरआवासीयको नागरिकतासँग सम्बन्धित विषयलाई तत्काल सम्बोधनका लागि पहल गरिने बताए । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिसमेत रहेका उनले भने, 'गृहमन्त्री र प्रधानमन्त्रीले माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएकाले अब त्यसलाई कार्यान्वयनमा लैजानुपर्छ । नेपालमा लगानी भित्र्याउन पनि उहाँहरूलाई सहज वातावरण बनाएर जानुपर्छ ।' नेकपा माओवादी केन्द्रका नेता रामनारायण बिडारीले एनआरएनएमा दोहोरो नागरिकता नभएकाले कानूनीरूपमा जतिसक्यो छिटो यो विषयको निरूपण गर्नुपर्नेमा जोड दिएका छन् । उनले सरकारको उदासिनताका कारणले गर्दा एक दर्जन कानून संशोधनको कुरा अगाडि बढ्न नसकेको बताए । नेकपा एकीकृत समाजवादी पार्टीका नेता प्रकाश ज्वालाले नागरिकताको उपभोगलाई सहज बनाएर भिसा लगाउनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिएका छन् ।

गैरआवासीय नेपाली संघमा आएको विवाद र नेतृत्वमा देखिएको असमझदारीका कारणले गर्दा एनआरएनएको नागरिकताको विषयले प्राथमिकता पाउन सकेको छैन । विभिन्न गुट-उपगुटमा विभाजन भएकाले राजनीतिक दलले पनि आफूअनुकूल व्यवहार देखाइरहेका छन् । आफ्नो निहित स्वार्थभन्दा माथि उठेर एनआरएनएमा देखिएको विवाद समाधानमा चासो दिन सकेमा भने यो विषयलाई सम्बोधन गर्न सरकार र राजनीतिक दललाई दबाब पुग्ने थियो । तर, तीनवटा एनआरएनएबाट अहिले दुई वटामा झरेको नेतृत्वले एकीकृत दबाब भने दिन सकेको छैन । डा. बद्री केसी र महेश श्रेष्ठ नेतृत्वको वर्तमान दुई समूह एक ठाउँमा नआएसम्म यो विषयले निष्कर्ष प्राप्त गर्दैन । गृह मन्त्रालयले दिएको विवरणका आधारमा ५ हजार २ सय जनाले लिइसकेको एनआरएनए नागरिकतालाई संविधानले दिएको अधिकार अनुकूल बनाउन विदेशमा बस्ने सबै नेपालीले दबाब दिन आवश्यक छ । राजनीतिक दल र सरकार पनि उत्तिकै जिम्मेवार भएर प्रस्तुत भएको अवस्थामा यो माग सम्बोधन हुनसक्छ । ■






**कुमार न्यौपाने**
हाल : न्युयोर्क

# भारत–पाकिस्तानबीचको सम्बन्ध : एक समीक्षा

पछिल्लो समयको कश्मिरी घटनाले फेरि तताएको दिल्ली र इस्लामावादको राजनीति केही दिनको सीमा वारपार सैनिक आक्रमणको शृङ्खला आन्तरिक तथा बाह्य कारणले अहिलेलाई रोकिएको छ । भारत र पाकिस्तानको सम्बन्ध इतिहास, राजनीति, धर्म, भूगोल र रणनीतिक विषयहरूसँग गहिरो रूपमा जोडिएको छ । समय-समयमा दुवै देशबीच युद्ध, सीमा विवाद, कूटनीतिक संघर्ष, र शान्ति प्रयासको मिश्रित यात्रा रहँदै आएको छ ।

भारत र पाकिस्तानबीचको सम्बन्ध विश्वकै सबैभन्दा संवेदनशील द्वन्द्वहरूमध्ये एक हो । दुवै देश साझा इतिहास, संस्कृतिको गर्भबाट जन्मिएका भए तापनि सन् १९४७ को विभाजनले तिनीहरूलाई अलग मात्र गरेन, गहिरो कटुता र असहमतिको बाटोमा अघि बढायो । इतिहास, भूगोल, धर्म, राजनीति र रणनीतिक प्रतिस्पर्धाले भारत-पाकिस्तान सम्बन्धलाई जटिल बनाएको छ । पछिल्लो समयको आतंकवादी हमला र दुई देशबीचको संघर्ष त्यसैको उदाहारण बनेको छ ।

## ऐतिहासिक पृष्ठभूमि

सन् १९४७ मा भारत स्वतन्त्र हुँदा धार्मिक विभाजनका आधारमा पाकिस्तानको स्थापना गरिएको थियो– मुस्लिम बहुल क्षेत्रलाई समेटेर । विभाजन अत्यन्तै हिंसात्मक र रक्तपातपूर्ण भयो, जसमा लाखौं मानिसले ज्यान गुमाए र करोडौंले आफ्नो घरबार छाड्नुपर्‍यो । यस प्रारम्भिक पीडाले नै दुवै देशका जनतामाझ गहिरो अविश्वास र शंकाको बीउ रोपेको थियो ।

## युद्ध र संघर्षहरू

भारत र पाकिस्तानबीच हालसम्म तीन ठूला युद्ध र एक सीमित युद्ध भइसकेका छन्–

**प्रथम कश्मिर युद्ध (१९४७-४८) :** कश्मिर राज्यको विषयलाई लिएर पहिलो पटक दुवै देश भिडेका थिए । लगभग १५ लाख मानिसले ज्यान गुमाए र १.५ करोड मानिस पलायन हुनुपर्‍यो । विभाजनसँगै कश्मिर विवाद उत्पन्न भयो । महाराज हरि सिंहले भारतसँग विलयको निर्णय गरेपछि पाकिस्तानले अस्वीकार गर्‍यो र पहिले युद्ध भड्कियो । यसले आधारभूत रूपमा भारत-पाकिस्तान सम्बन्धमा अविश्वास र संघर्षको शिलान्यास गर्‍यो । अन्ततः युद्धविराम भएको र संयुक्त राष्ट्रसंघले हस्तक्षेप गरी लाइन अफ कन्ट्रोल (एलओसी) स्थापना भएको थियो ।

> **भारत र पाकिस्तानको सम्बन्ध एक जटिल ऐतिहासिक यात्रा हो, जसमा पीडा, संघर्ष, आशा र सम्भावना सबै मिश्रित छन् । सम्बन्धमा सुधार ल्याउन पारस्परिक सम्मान, संवेदनशीलतापूर्ण व्यवहार र राजनीतिक साहस अपरिहार्य छ ।**

**१९६५ को युद्ध :** कश्मिरलाई लिएर पुनः भएको युद्ध, जसको अन्त्य ताशकन्द सम्झौताबाट भएको थियो ।

**१९७१ को युद्ध :** पूर्वी पाकिस्तान (हालको बंगलादेश)को स्वतन्त्रता संग्राममा भारतको हस्तक्षेपले मुख्यतः युद्ध निम्त्यायो । यो युद्ध पाकिस्तानका लागि अत्यन्तै विनाशकारी सिद्ध भयो र बंगलादेश स्वतन्त्र राष्ट्रको रूपमा उदायो ।

**कारगिल युद्ध (१९९९) :** कारगिल क्षेत्रमा पाकिस्तानी सैनिक र विद्रोही समूहले 'एलओसी' पार गरी भारतीय भूमिमा प्रवेश गरेपछि भारतले सैन्य कारबाही सञ्चालन गरी आफ्नो क्षेत्र फिर्ता लियो ।

## कश्मिर विवाद

भारत र पाकिस्तानबीचको सबैभन्दा मुख्य विवादको बिन्दु कश्मिर नै हो । कश्मिर भारतको अभिन्न हिस्सा भएको भारतको दाबी छ भने पाकिस्तानले कश्मिरमा जनमत संग्रह गराउनुपर्ने माग गर्दै आएको छ । यो विवादले दुवै देशबीचको सम्बन्ध सधैं तनावपूर्ण रहँदै आएको छ ।

## आणविक प्रतिस्पर्धा

दुवै देश आणविक शक्ति सम्पन्न छन् । भारतले १९७४ मा स्माइलिङ बुद्ध नामक पहिलो पटक आणविक परीक्षण गरेपछि पाकिस्तानले १९९८ मा आफ्ना चागाईं परीक्षणहरू सार्वजनिक गर्‍यो । आणविक शक्तिको विकासले दुवै देशबीचको तनावलाई थप संवेदनशील र खतरापूर्ण बनाएको छ। यसले दुवै देशबीच 'म्युचुअल डिटर्रेन्स' (पारस्परिक निवारण)को अवस्था सिर्जना गर्‍यो, जसले पूर्ण युद्धको सम्भावना घटाए पनि सीमित संघर्षहरूलाई रोक्न सकेन । उनीहरूसंग भएका आणविक हतियारहरू कत्तिको सुरक्षित रूपमा भण्डारण छन् भन्ने ठूलो प्रश्न छ र यो क्षेत्र नै दुखी छ ।

## शान्ति प्रयासहरू

युद्ध र तनावका बीचमा पनि भारत र पाकिस्तानबीच समय-समयमा शान्तिवार्ता, सांस्कृतिक आदानप्रदान, खेलकुद (साफ, विशेषगरी क्रिकेट)को कूटनीति र व्यापारिक



**पछिल्लो पहलगाम घटनाले भारत-पाकिस्तान सम्बन्धलाई झन् बिगारेको छ। भारतले पाकिस्तानलाई आतंकवादलाई प्रश्रय दिएको आरोप लगाउँदै आएको छ भने पाकिस्तानले बारम्बार अस्वीकार गर्दै आएको छ। आतंकवाद र सुरक्षाको सवालमा दुवै देश अत्यन्तै संवेदनशील छन्। हालैको आक्रमण र प्रत्याक्रमणमा दुबै देश आ-आफ्नो जित भएको दाबी गर्दैछन्।**

सम्बन्ध सुधार्ने प्रयासहरू भएका छन्। सन् १९९९ को लाहोर घोषणा, अग्रा शिखर बैठक (२००१), र पछिल्लो समयको कार्तारपुर कोरिडोर सञ्चालन जस्ता पहलहरूले सम्बन्ध सुधार्ने संकेत दिएका छन्, तर ठोस परिणाम भने अझै अपुरो छ।

### आतंकवाद र द्विपक्षीय सम्बन्ध

पाकिस्तानबाट सञ्चालित भनिएका आतंककारी समूहहरूले भारतमा गराएका आक्रमण (विशेष गरी २००१ को भारतीय संसद् आक्रमण, २००८ को मुम्बई हमला) र पछिल्लो पहलगाम घटनाले सम्बन्धलाई झन् बिगारेको छ। भारतले पाकिस्तानलाई आतंकवादलाई प्रश्रय दिएको आरोप लगाउँदै आएको छ भने पाकिस्तानले बारम्बार अस्वीकार गर्दै आएको छ। आतंकवाद र सुरक्षाको सवालमा दुवै देश अत्यन्तै संवेदनशील छन्। हालैको आक्रमण र प्रत्याक्रमणमा दुबै देश आफ्नो जित भएको दाबी गर्दैछन्, हालको यस घटनाले कताकता चीनको हवाई क्षमता र युरोपेली शक्तिको मापन भएको दाबी गर्दैछन् विश्लेषकहरू। चीनमा निर्मित पाकिस्तानी जे १० ले फ्रान्समा निर्मित राफाएल खसालेको पेचिलो बहसले चीनको छैटौं पुस्ताको जे ३५ स्टिल्थ जहाजको क्षमतालाई आँक्न सक्ने अर्को हाललाई देखिदैन। यसले आगामी विश्व शक्ति सन्तुलनलाई देखाउछ।

### वर्तमान अवस्था

आजको दिनमा भारत र पाकिस्तानबीचको सम्बन्ध अत्यन्त जटिल छ। बालाकोट, पहलगामका घटनाहरू अनि कश्मिर र बेलुचिस्तान त झन् पेचिलो बन्दैछ। औपचारिक संवाद बन्दजस्तै अवस्थामा छ, व्यापारिक सम्बन्धहरू सीमित छन् र द्विपक्षीय भेटघाटहरू दुर्लभ छन्। तर सँगसँगै, सीमामा द्वन्द्व रोक्ने प्रयास र मानवीय आधारमा केही सहकार्य जारी राखिएको छ।

### भविष्यका सम्भावना र सुझावहरू

- **संवादको पुनः आरम्भ** : साना-साना विषयहरूमा सहकार्य गर्दै विश्वास निर्माण गर्नु जरूरी छ।
- **सांस्कृतिक र शैक्षिक आदानप्रदान** : आम जनताको सम्पर्क बढाउँदा दुश्मनीको भावना कम गर्न सकिन्छ।
- **सीमा व्यवस्थापन र सीमा विवाद समाधान** : एलओसीमा स्थायी समाधान र सीमा व्यवस्थापनका लागि द्विपक्षीय संयन्त्र विकास गर्नुपर्छ।
- **आर्थिक सहकार्य** : व्यापार र लगानीलाई प्रोत्साहन गर्दा दुवै देशका जनता लाभान्वित हुन सक्छन्।
- **आन्तरिक उग्रवाद नियन्त्रण** : दुवै देशले आ-आफ्ना भूमिमा उग्रवादी गतिविधि नियन्त्रण गर्न मिलेर काम गर्नुपर्छ।

भविष्यमा दुवै देशका जनताले शान्ति र समृद्धिको आकांक्षा राख्ने भएकाले विश्वास पुनर्निर्माण, संवादको सुरूवात र समस्याहरूको दीर्घकालीन समाधान खोज्नेतर्फ नेतृत्वहरूले पहल लिन आवश्यक छ।

### निष्कर्ष

भारत र पाकिस्तानको सम्बन्ध एक जटिल ऐतिहासिक यात्रा हो, जसमा पीडा, संघर्ष, आशा र सम्भावना सबै मिश्रित छन्। सम्बन्धमा सुधार ल्याउन पारस्परिक सम्मान, संवेदनशीलतापूर्ण व्यवहार र राजनीतिक साहस अपरिहार्य छ। भविष्यका पुस्ताले शान्ति र सहयोगको वातावरणमा विकास गर्ने अवसर पाउनका लागि आजका कूटनीतिक पहलहरूले गहिरो प्रभाव पार्नेछन्। ■




# म्यानहाटनमा नेपालको झल्को

■ कल्पना घिमिरे

न्यूयोर्क । 'हामी नेपालीहरूको एकताको शान, अन्तर्राष्ट्रिय जगतमा हाम्रो पहिचान' भन्ने नाराका साथ सातौं नेपाल डे परेड भव्य रूपमा सम्पन्न भएको छ । गैरआवासीय नेपाली संघ, अमेरिका न्यूयोर्क च्याप्टरको मूल आयोजना र स्थानीय नेपाली संघसंस्थाको सहकार्य र समन्वयमा गत आइतबार म्यानहाटनको ३८ स्ट्रीट र मेडिसन एभिन्युमा नेपाल डे परेड सम्पन्न भएको हो । न्युयोर्कमा सन् २०१६ देखि नेपाल डे परेड गर्न थालिएको हो । विश्वकै अर्थतन्त्रको हब मानिने न्यूयोर्कको व्यस्त म्यानहाटनका सडकहरूमा नेपाली भेषभूषा, बाजागाजा र नृत्यसहित परेड गरिरहँदा विभिन्न देशबाट घुम्न आएका पर्यटकको समेत ध्यान खिचेको थियो । पञ्चे बाजा, भजन, देउडा, सोरठी, मैथिली, शेर्पा र तामाङ सेलोले परेड गुञ्जिएको थियो ।

परेडमा विशेष अतिथिका रूपमा न्यूयोर्क शहरका मेयर एरिक एडम्स र सिनेटर चक सुमरको उपस्थिति थियो । स्थानीय जनप्रतिनिधिहरू साथै विभिन्न संघसंस्थाका ब्यानरसहित नेपाली समुदायको बाक्लो उपस्थिति थियो । नेपालको विविध कला, संस्कृति र परम्परा झल्किने गरी गरिएको सांगीतिक प्रस्तुतिले म्यानहाटन सहरलाई नेपालमय बनाएको थियो । नेपाली पोशाक, झण्डा र ब्यानरसहित नाचगान र बाजा बजाउँदै शहर परिक्रमा गरी आयोजना गरिएको सभामा न्यूयोर्क, न्यूजर्सी र कनेक्टिकटदेखिको सहभागिता थियो । ■





















DESI








रिजउड नेपाली समाज
Ridgewood Nepalese Society




LONG ISLAND NEPALESE SOCIETY NEW YORK
NEPAL DAY PARADE


adhikaar








Nepalese American Nurses Association
New York


JAMAICA NEPALESE SOCIETY
NEW YORK
ESTD. 2020




TAMANG SOCIETY OF AMERICA


LIONS CLUBS INTERNATIONAL
District 20-K1, New York
NEPAL DAY PARADE




NEWAH NAKHA NEW YORK






NEPAL DAY PARADE
LUMBINI PROVINCE


NEPAL DAY PARADE
KARNALI PROVINCE


NEPAL DAY PARADE
SUDURPASHCHIM PROVINCE



# औपचारिकरूपमा एनआरएनए विभाजन

## प्रधानमन्त्री र परराष्ट्रमन्त्रीका छुट्टाछुट्टै एनआरएनए

न्यूयोर्क । गैरआवासीय नेपाली संघ (एनआरएनए) औपचारिक रूपमा विभाजित भएको छ । पूर्वअध्यक्ष शेष घले नेतृत्वको उच्चस्तरीय समितिले आयोजना गरेको 'एकता महाधिवेशन'बाट नयाँ नेतृत्व चयन भएपछि एनआरएनए संस्थागत रूपमा दुई समूहमा विभाजित भएको हो । तर, यसअघि तीन समूहमा रहेको एनआरएनएमा भने एउटा गुट विलय भएको छ । यसअघिको विनोद कुँवर र आरके शर्मा नेतृत्वको समिति विलय भएर महेश श्रेष्ठको नेतृत्वमा नयाँ समिति बनेको छ । त्यसअघि नै डा. बद्री केसी नेतृत्वको समिति क्रियाशील नै छ ।

वैशाख २० देखि २३ गतेसम्म काठमाडौंमा सम्पन्न एकता महाधिवेशन स्थगित गरिनुपर्ने मागसहित परराष्ट्र मन्त्रालयले सर्वोच्च अदालतमा निवेदन दिएको थियो । मन्त्रीस्तरीय निर्णयअनुसार परराष्ट्र मन्त्रालयका कानुन उपसचिव पुस्करराज नेपालमार्फत महान्यायाधिवक्ताको कार्यालयमा पत्र लेखी महाधिवेशन आगामी कात्तिक ४ गते सार्न आग्रह गरिएको थियो । तर, एकता महाधिवेशनमा परराष्ट्रमन्त्री आरजु राणा देउवा प्रमुख अतिथिका रूपमा सहभागी भई कार्यक्रम स्थल हायात होटलमा पुगेपछि भने परराष्ट्र मन्त्रालयले उक्त निवेदन नै फिर्ता लिएको छ ।

**प्रम र परराष्ट्रमन्त्रीका छुट्टाछुट्टै एनआरएनए**

मन्त्री राणा करिब तीन घन्टा ढिलो पुगेर कार्यक्रमको उद्घाटन गर्दै एनआरएनए एकै संस्थामा रहनुपर्ने आवश्यकता औंल्याउँदै महाधिवेशनको सफलताका लागि शुभकामना व्यक्त गरिन् । कार्यक्रममा सहभागी हुनुअघि उनले नेपाली कांग्रेस निकट जापानकेन्द्रित व्यवसायी महेश श्रेष्ठलाई अध्यक्ष बनाउनुपर्ने शर्त राखेकी थिइन् । माओवादी केन्द्र निकट व्यवसायी आरके शर्मा अध्यक्ष पदको दाबीबाट पछि हटेपछि मात्र मन्त्री राणा उद्घाटन समारोहमा सहभागी भएकी हुन् । शर्मा पक्षधरहरूका अनुसार निर्वाचन भएको खण्डमा उनी स्पष्ट बहुमतमा विजयी हुने थिए ।

११औं महाधिवेशनबाट निर्वाचित एमाले निकट अध्यक्ष डा. बद्री केसीले भने श्रेष्ठ नेतृत्वमा गठित नयाँ कार्यसमितिको कुनै औचित्य नरहने संक्षिप्त टिप्पणी गरेका छन् ।

एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले एकता महाधिवेशन रोक्न प्रयास गरेका थिए । उनले मन्त्री राणालाई पनि कार्यक्रममा सहभागी नहुन निर्देशन दिएका थिए । अन्तिम समयमा प्रधानमन्त्रीले एकता महाधिवेशन नै रोक्न प्रयास गरे । उच्चस्तरीय समितिका संयोजक शेष घलेले प्रधानमन्त्रीसँग भेट गर्न इन्कार गरे ।

सार्वजनिक कार्यक्रमहरूमा प्रधानमन्त्री ओली डा. केसी नेतृत्वको समिति नै आधिकारिक भएको जिकिर गर्छन् भने परराष्ट्रमन्त्री राणा महेश श्रेष्ठ नेतृत्वको समितिको पक्षमा छन् । सरकारका तर्फबाट हुने पत्राचार परराष्ट्र मन्त्रालयले श्रेष्ठ नेतृत्वको समितिलाई सहयोग हुनेगरी गरिरहेको छ । शेष घले नेतृत्वको उच्चस्तरीय समितिमा १३ जना सदस्य रहेका थिए, जसमा उपेन्द्र महतो, जीवा लामिछाने, देवमान हिराचन, भवन भट्ट, रामप्रताप थापा, कुमार पन्त, विनोद कुँवर, उमेशकुमार पुडासैनी, जानकी गुरूङ, कुल आचार्य, बद्री केसी र रविना थापा थिए । तर, संस्थापक अध्यक्ष उपेन्द्र महतोसहित केही पूर्वअध्यक्षहरू महाधिवेशनका प्रक्रियाबाट असहमत भई अनुपस्थित रहे ।

महतो र लामिछानेले महाधिवेशन स्थगन गर्न आग्रह गरे पनि घलेले त्यसलाई बेवास्ता गरेका थिए । वैशाख १२ गते अध्यक्ष बद्री केसीले एकता महाधिवेशन रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । तर, सो मुद्दा पटक-पटक 'हेर्न नमिल्ने' कारण देखाउँदै सर्दै आएको थियो । वैशाख २३ गतेको सुनुवाइमा न्यायाधीशद्वय कुमार रेग्मी र अब्दुल अजीज मुसलमानको इजलासमा परेको मुद्दा फेरि सरेको थियो । न्यायाधीश रेग्मीकी भान्जी अधिवक्ता मुना दाहाल महाधिवेशन पक्षबाट बहसमा संलग्न रहेकाले इजलास परिवर्तन गरिएको गरिएको थियो ।

**१०औं महाधिवेशनबाट विवादको सुरुवात**

एनआरएनएको विवाद २०७८ सालको १०औं महाधिवेशनदेखि सुरू भएको थियो । सो अधिवेशनको वैधानिकतामाथि प्रश्न उठाउँदै सर्वोच्च अदालतले १३ सदस्यीय उच्चस्तरीय समिति गठन गरी एकता महाधिवेशनको जिम्मेवारी दिएको थियो । तर, त्यहीबेला ११औं महाधिवेशनबाट नयाँ कार्यसमिति निर्वाचित भइसकेको थियो । उक्त कार्यसमितिलाई काम नगर्न परराष्ट्र मन्त्रालयले पत्र पठाएको थियो । सो निर्णयविरूद्ध सर्वोच्च गएका डा. केसीले २०८१ साउनमा कार्यकाल पूरा गर्न पाउने आदेश पाएका थिए । यसरी, अदालतका फरक-फरक व्याख्याले दुवै पक्षलाई आफूअनुकूल दाबी गर्न सक्ने अवसर दिएकाले अहिलेको द्विविधाजनक अवस्था उत्पन्न भएको हो ।

११औं महाधिवेशनमा पराजित भएका आरके शर्मा र महेश श्रेष्ठ पछि शेष घलेको पक्षमा उभिएपछि घले पक्ष बलियो बनेको देखियो । शर्माले निर्वाचनमा


परराष्ट्र मन्त्रालय

धाँधली भएको आरोप लगाउँदै समानान्तर कार्यसमिति गठन गरेका थिए । तर, त्यो कमिटी निष्क्रिय रह्यो । अर्कोतर्फ डा. केसीको कार्यसमितिमा एमाले, कांग्रेस र माओवादी निकटका पदाधिकारीहरूको समेत सहभागिता थियो । उनीहरूले चुनाव जितेका थिए । त्यसमध्ये केही भने अहिले घले नेतृत्वमा भएको अधिवेशनमा सहभागी भएका छन् ।

शेष घले नेतृत्वको समितिले गरेको एकता महाधिवेशनले श्रेष्ठ नेतृत्वमा सहमतिमै नयाँ कार्य समिति बनाएको छ । कार्यसमिति उपाध्यक्षहरूमा खगेन्द्र न्यौपाने, लोकप्रसाद दाहाल, सुनिलकुमार शाह, मनोज श्रेष्ठ, विश्वास दिप लिम्बू, बुद्धिसागर सुवेदी तथा महिला उपाध्यक्षमा जुनु गुरूङ निर्वाचित भएका छन् । महासचिवमा बाबुराम लामा, सचिवहरू टेकप्रसाद गैरे, चिन्तामणि सापकोटा, तिलकप्रसाद गैरे, महिला सचिवमा देवकी खत्री र कोषाध्यक्षमा ठाकुरप्रसाद ढुंगाना चयन भएका छन् ।

**दुई एनआरएनए क्रियाशील**

सप्तरीको पेडा जस्तै एनआरएनएमा दुईवटा समानान्तर कार्यसमितिहरू रहेका छन् । एक, बद्री केसी नेतृत्वको ११औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति, जसले आगामी अक्टोबरमा १२औं महाधिवेशन गर्ने घोषणा गरिसकेको छ । अर्को, शेष घले नेतृत्वको एकता महाधिवेशनबाट सर्वसम्मत भएको महेश श्रेष्ठ नेतृत्वको नयाँ कार्यसमिति । सर्वोच्च अदालतले दुबै पक्षबीच उत्पन्न विवादको निरूपणका लागि पूर्ण इजलासमा पठाउने निर्णय गरेको छ । फैसलामा, एकता महाधिवेशन गर्ने शेष घले नेतृत्वको समितिलाई मान्यता दिने वा बद्री केसीको कार्यसमितिलाई पूर्ण कार्यकालसम्म काम गर्न दिने भन्ने विषयमा अन्तिम निर्णय आवश्यक रहेको उल्लेख गरिएको छ ।

एनआरएनएभित्रको यो विभाजनले संस्थाका नीति, कार्यक्रम तथा विदेशी लगानी आकर्षणका योजनामा असर पारेको देखिन्छ । एकातर्फ राष्ट्रिय समन्वय परिषद् एनसीसीलाई बेवास्ता गर्दै एकता महाधिवेशन सम्पन्न गरिएको छ भने अर्कोतर्फ केसी नेतृत्वको कार्यसमितिले ९० भन्दा बढी देशमा क्रियाशील शाखाहरूलाई कायम राखेको छ । महाधिवेशनमा धेरै एनसीसीहरू अनुपस्थित रहेका थिए । केही अध्यक्ष व्यक्तिगत सम्बन्धका आधारमा सहभागी भए पनि संस्थागत प्रतिनिधित्व नदेखिएको विश्लेषण गरिएको छ ।

**विकल्पमा एकताको अर्को प्रयास**

एनआरएनएका पूर्वअध्यक्ष र अहिलेका दुवै कार्यसमितिको शीर्ष नेतृत्वले नयाँ विकल्पमा एकताको अर्को प्रयास गरिरहेका छन् । एनआरएनएका प्रवक्ता सोम सापकोटाले अहिले पनि एकताको प्रयास भइरहेको विश्वसन्देशलाई जानकारी दिएका छन् । श्रेष्ठको व्यवहार घलेभन्दा लचकदार

देखिएकाले भविष्यमा एकताको सम्भावना बाँकी छ । सत्ता पक्ष कांग्रेस र एमालेका निकट रहेका दुवै अध्यक्षहरूलाई सहजीकरणमार्फत मिलाउने प्रयास राजनीतिक नेतृत्वबाट पनि निरन्तर भइरहेको छ ।

तर तत्कालको स्थितिमा एनआरएनए दुई धारमा विभाजित भइसकेको छ । यो विभाजनले गैरआवासीय नेपालीहरूको साझा उद्देश्य, विशेषतः नेपालमा लगानी, ज्ञान र सीप हस्तान्तरणका कार्यसूचीहरू ओझेलमा पार्ने सम्भावना रहेको छ । गैरआवासीय नेपाली नागरिकतालाई अधिकार सम्पन्न बनाउने लडाइँमा पनि विभाजनले समस्या निम्त्याएको छ । सरकार र राजनीतिक नेतृत्वको चक्रब्यूहमा संस्था परेको छ । उक्त दलदलबाट मुक्तिका लागि पूर्वअध्यक्ष र वर्तमान दुई समूह सक्रिय भएर एकता गर्नुको अर्को विकल्प छैन ।

**सत्ता गठबन्धनमै समस्या**

एनआरएनए विवादमा प्रधानमन्त्री र परराष्ट्रमन्त्रीबीच मतभेद हुँदा सरकारी धारणा विभाजित भएको छ । एनआरएनएको नेतृत्वसम्बन्धी विवादले हाल नेपाल सरकारका उच्च तहसम्म असर पुऱ्याएको छ । प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाबीच यस विषयमा सार्वजनिक रूपमा फरक-फरक धारणा व्यक्त भएपछि यसले सत्ता गठबन्धनभित्रको समन्वयमाथि प्रश्न उठाएको छ । दुबै पार्टीका शीर्ष नेताहरूले एनआरएनएको विवाद मिलाउने प्रयास गरेका थिए । तर, ओली र राणाले अहिले भने एनआरएनएको आधिकारिकतालाई पार्टीको सबैभन्दा ठूलो प्रतिष्ठा बनाएका छन् ।

प्रधानमन्त्री ओलीले केसी नेतृत्वको कार्यसमितिलाई नै आधिकारिक भन्दै आगामी अक्टोबरसम्म सो समितिलाई मान्यता दिनुपर्ने बताएका छन् । काठमाडौंमा सम्पन्न एनआरएनए ग्लोबल कन्क्लेभ २०२५ को उद्घाटन समारोहमा बोल्दै उनले ११औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिले नै १२ औं महाधिवेशन आह्वान गर्ने बताए । उनले भने, 'विधि र प्रक्रियाअनुसार सहमति, एकता र पारदर्शिताका आधारमा संस्था चल्नुपर्छ । स्वेच्छाचारिता गलत हो । हारिसकेपछि कमिटी बनाउने काम लोकतान्त्रिक र विधिसम्मत हुन सक्दैन ।'

परराष्ट्र मन्त्रालयले यसबीचमा गैरआवासीय नेपाली संघको एकता महाधिवेशन स्थगनका लागि दिएको अघिल्लो निवेदन फिर्ता लिएर नयाँ कार्यसमिति बनिसकेको जानकारी सर्वोच्चलाई गराएको छ । परराष्ट्रमन्त्री राणाले विधिको शासनलाई आत्मसात गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएकी छन् । सर्वोच्च अदालतले गरेको निर्णय सबैले मान्नुपर्नेमा उनले प्रष्ट अडान राखेकी छन् । २०८० चैत २१ गते सर्वोच्च अदालतबाट प्राप्त परमादेशअनुसार गठित उच्चस्तरीय समितिले प्रतिवेदन बुझाइसकेको र मन्त्रालयले आफ्नो जिम्मेवारी सकिएको जानकारी गराउँदै सो निवेदन सर्वोच्चमा दर्ता भइसकेको छ ।

एनआरएनएको नेतृत्व विवाद अब केवल संस्थाभित्रको आन्तरिक विषय मात्र नभई नेपाली राजनीतिमा उच्च तहसम्मको विवादको विषय बनिसकेको छ । प्रधानमन्त्री र परराष्ट्रमन्त्रीबीच सार्वजनिक मतभेद, अदालतको परमादेश, परराष्ट्र मन्त्रालयको पत्राचार र संस्थाका दुई धारबीचको वैधानिकता विवादले समग्रमा एनआरएनएको साख र भविष्यमा गम्भीर प्रश्न उठेको छ । ■






BUDDHA

TAX & ACCOUNTING

Pashupati Shrestha, CPA

72-26 Broadway Jackson Heights, NY 11372

United States

347.703.9019

info@buddhatax.com

www.buddhatax.com

Certified Public Accountant

Have CPA review your Tax File for the BEST Tax Results !

"We file Taxes for all 50 States"



LAKESIDE NYC

NEPALESE RESTAURANT & BAR

(718) 672-1818

77-05 37th Ave, Queens, NY 11372

www.lakesidenyc.com

Powered by: BUDDHA TAX

## जातीय अन्तरविरोधको कथा

# ऊनको स्वीटर



**धान सुक्यो रापले**
**फकाउँछ काफ्ले**
**जानु कि नजानु...**

झूमा लिम्बु र सुजन चापागाईंको स्वरमा सजिएको यो गीतले अहिले नेपाली सांगीतिक बजार तताएको छ । चलचित्र 'ऊनको स्वीटर'को यो गीत साना नानीबाबु, तन्नेरी र बुढाबुढी पुस्ता सबैको मन, मस्तिष्क र मुखमा झुण्डिएको छ । सँगसँगै जातीय अन्तरविरोधको कथा बोकेको उक्त चलचित्रको चर्चा पनि व्याप्त छ । 'गुरूङ' युवती र 'काफ्ले ब्राह्मण' युवकबीचको प्रेम-सम्बन्धमा आउने जातीय अन्तरकलहलाई चलचित्रमा समेटिएको निर्माण पक्षले जानकारी दिएको छ ।

पूर्वी नेपालको मनोरम सुन्दरता र त्यहाँको संस्कृतिले ओतप्रोत 'ऊनको स्वीटर'को नेपाली सिनेजगतमा चर्चा चुलिएको छ । पाँचथर जिल्लामा छायाङ्कन गरिएको यो चलचित्र वर्षौंसम्म सबैले सम्झिइरहने चलचित्र बनेको छ । यस चलचित्रका अभिनेता बिपिन कार्कीले पनि आफूले वर्षौंपछिसम्म सम्झिने चलचित्र 'ऊनको स्वीटर' बनेको स्वीकारेका छन् ।

पुतलीसडकस्थित स्टार मलमा आयोजित पत्रकार सम्मेलनमा अभिनेता कार्कीले आफ्नो कामलाई फर्केर हेर्दा चलचित्र 'ऊनको स्वीटर' र धरणीधर काफ्ले पात्रको चर्चा हुने बताए । 'यो चलचित्रको भोलि व्यावसायिक नतिजा के होला, म अहिल्यै भन्न सक्दिनँ । तर, हामीले उठाएको विषय, यसको निर्माणले पनि वर्षौंसम्म यो चलचित्रको छाप सबैमा रहने छ', उनी भन्छन्- 'ग्रामीण जीवनको यो नयाँ पुस्ताका लागि एउटा दस्तावेज





पनि हुनेछ । मैले आफ्नो उत्कृष्ट भन्ने पाँच चलचित्रमध्ये यो पर्छ ।'

अभिनेता कार्कीले अभिनय गरेका यसअगाडिका 'जात्रा', 'हरि', 'नाका', 'सेल्फी किङ' चलचित्र र उक्त चलचित्रमा निर्वाह गरेको पात्रलाई विशेष मानेका छन् । ती चलचित्रको व्यावसायिक पक्षभन्दा पनि कलात्मक पक्षले आफूलाई आकर्षित गरेको उनको भनाइ छ । 'मैले नाम लिएका चलचित्रहरू मेरा लागि खास हुनाका कारण नै त्यसका पात्र हुन्, विषय हुन् । ती अहिले हेर्नुस् वा पाँच वर्षपछि उस्तै ताजा लाग्नेछन् । त्यसमा भएका पात्र सजिलै तपाईंसँग जोडिनेछन्', अभिनेता कार्कीले प्रष्ट्याए ।

चलचित्रमा अभिनेता कार्कीको जोडीका रूपमा मिरूना मगर प्रस्तुत भएकी छन् । चलचित्रका निर्देशक नवीन चौहानले पहिलोपटक कथा सुनाउँदा नै पात्रसँग जोडिएको अभिनेत्री मिरूना मगरले महसुस गरेको जानकारी दिइन् । 'म निर्देशक चौहानले बनाउनुभएका साङ्गीतिक श्रव्यदृश्यसँग पहिल्यैदेखि नै प्रभावित थिएँ । यो चलचित्रमा काम गर्ने प्रस्ताव आउँदा मलाई निर्देशकले मेरो पात्र र परिवेशसँगै एउटा गीतको सानो टुक्रा सुनाउनुभयो । मैले त्यही समयमा चलचित्रमा काम गर्छु भनेकी थिएँ । किनकि उक्त पटकथाले मलाई चलचित्रको संसारमा सहजै पुऱ्यायो', अभिनेत्री मगर भन्छिन् ।

चलचित्रमा आफूले 'फूल' नामक पात्रको भूमिका निर्वाह गरेको अभिनेत्री मगरले जानकारी दिइन् । 'वास्तविक जीवनभन्दा उल्टो पात्र मैले चलचित्रमा निर्वाह गरेकी छु । त्यसकारण सुरूआती समयमा केही डर पनि थियो, तर अभिनेता कार्कीसँग काम गर्दा अभिनयका केही आयाम

**पूर्वी नेपालको मनोरम सुन्दरता र त्यहाँको संस्कृतिले ओतप्रोत 'ऊनको स्वीटर'को नेपाली सिनेजगतमा चर्चा चुलिएको छ ।**

सिक्न पाएँ,' उनी भन्छिन्- 'म बाल्यकालमै नेपाल छाडेर विदेश गएकाले पनि ग्रामीण जीवनलाई धेरै बुझ्न पाएकी थिइनँ । तर, मैले चलचित्रमा निर्वाह गर्ने भूमिकामार्फत विभिन्न कला र संस्कृतिलाई नजिकबाट नियाल्ने मौका पाएँ, ती चलचित्रका पात्रमार्फत उक्त संस्कृतिसँग जोडिएर जीवन बाच्न पाएँ,' अभिनेत्री मगरले सुनाइन् । उनका अनुसार उक्त पात्र आफ्नो मनको कुरा फ्याट्ट भनिहाल्ने र त्यसको परिणाम नसोच्ने किसिमले तयार गरिएको छ ।

निर्देशक नवीन चौहानले नामझैं मुलायम कथामा चलचित्र बनेको ठोकुवा गरे । 'कथालाई महसुस गरेर नै चलचित्रको नाम राखेको हुँ । कल्पना गरेको एउटा संसारलाई मैले चलचित्रमा चित्रण गर्ने कोसिस गरेको छु । यो चार वर्ष अगाडि नै सोचेको एउटा कथा थियो, अब केही दिनमा चलचित्र बनेर आउँदै छ', चौहान भन्छन् । उनले आफूले साङ्गीतिक श्रव्यदृश्यमार्फत भिन्नभिन्न कथालाई प्रस्तुत गरेका कारण पनि चलचित्र निर्देशन गर्न प्रेरणा मिलेको बताए । 'गीत र त्यसका लागि निर्माण गरिने श्रव्यदृश्यभन्दा चलचित्र निकै फरक छ भन्ने मैले बुझेर नै त्यहीअनुसार आफूले सक्ने काम गरेको छु', निर्देशक चौहानले भने ।

चलचित्र 'ऊनको स्वीटर'मा पूर्वी नेपालको सुन्दरता, संस्कृतिलाई देख्न पाइने उनले जानकारी दिए । पूर्वी नेपालको पाँचथर जिल्लामा छायाङ्कन गरिएको चलचित्रमा परीक्षा लिम्बू, विल्सनविक्रम राई, सुनिल पोखरेल, माओत्से गुरूङ, प्रेम सुब्बा लगायतका कलाकारको पनि अभिनय रहेको छ । 'ऊनको स्वीटर' वैशाख २६ देखि नेपालसहित विदेशमा समेत चलचित्र प्रदर्शन भइरहेको छ । ■



निरञ्जन फुयाल

# व्यावहारिक लगानी व्यवस्थापन

**लगानीमा सफलताको रहस्य भनेको धैर्य र अनुशासन हो ।**

*- पीटर लिन्च*

लगानी सधैं सफल हुँदैन । अझै स्टक मार्केटमा गर्ने लगानी अझै बढी जोखिमयुक्त हुन्छ । त्यसैले जेसुकै क्षेत्रमा लगानी गर्दा धेरै विचार पुऱ्याउनु पर्छ । वित्त शास्त्र पढ्ने विद्यार्थीको पुस्तकले स्टक मार्केटमा गर्ने लगानी निर्णयभन्दा अघि सम्बन्धित कम्पनी वा स्क्रिपका बारेमा तथ्यांक एवम् जानकारी प्राप्त गरी त्यस्ता तथ्यांक विश्लेष्ण गर्ने र देशको अर्थतन्त्र, परिस्थिति लगायतका विषयलाई समेत मध्यनजर गर्दै लगानी गर्नुपर्ने विषयमा सुझाव दिन्छ । साथै, जोखिम कम गर्न लगानीलाई धेरै कम्पनीका शेयरमा लगानी गर्ने (लगानी विविधीकरण), सकेसम्म दीर्घकालीन लगानी गर्ने, कम जोखिमयुक्त उपकरणहरू जस्तै- ऋणपत्र, सरकारी बोन्ड आदिमा लगानी गर्ने जस्ता सुझावसमेत प्राप्त हुन्छ । के साँच्चै लगानीकर्ताले शेयर किन्नु अघि यी सबै कुरामा विचार पुऱ्याउँछन् होला ?

एउटा अवस्थाको परिकल्पना गरौं । तपाईं वित्तशास्त्रको विद्यार्थी र तपाईंलाई स्टक मार्केटमा रहेको कम्पनीहरूका बारेमा जानकार छ । त्यस्ता कम्पनीहरूको तथ्यांक एवम् जानकारी सजिलै प्राप्त गर्ने र विश्लेषण गर्न सक्नुहुन्छ । तपाईंले काम गरिरहेको कम्पनीबाट केही रकम बोनस प्राप्त गर्नुभयो र तपाईंसँग केही बचतसमेत छ । वित्तशास्त्रको विद्यार्थीको नाताले तपाईंले तथ्यांक विश्लेषण गरी लगानी गर्न स्टक मार्केटबाट दुई कम्पनी छान्नु भयो । रकम लगानी गर्ने लाग्दा तपाईंको एक साथीले अर्के कुनै कम्पनीको शेयरको मूल्य एक-दुई दिनमा राम्रैसँग बढ्ने भित्री जानकारी प्राप्त भएको सूचना दिनु भयो भने तपाईंले आफूले विश्लेषण गरेको कम्पनीमा लगानी गर्नुहुन्छ कि साथीले सुझाव दिएको कम्पनीमा लगानी गर्नुहुन्छ ? के तपाईं वित्तशास्त्रले भने जस्तै लगानी गर्नु अघि लगानी विविधीकरणका बारेमा सोच्नु हुन्छ ?

पक्कै पनि साधारण मानिसले निर्णय गर्दा आफ्नो अघि तत्काल रहेको जानकारी वा तथ्यलाई बढी महत्व दिन्छ । साधारणतया मानिस निर्णय गर्दा तर्कसंगत, तथ्यसंगत तथा विश्लेषण गरेर भन्दा पनि छोटो वा सरल तरिका अपनाउँछ । यस्तो निर्णय प्रक्रियालाई ह्युरिस्टिक लगानी निर्णय भनिन्छ । यसले लगानीकर्तालाई छोटो समयमा निर्णय गर्न मद्दत त गर्दछ, यस्ता निर्णयहरू गलत पनि हुन सक्छ । ह्युरिस्टिक निर्णयहरू प्रायः



मानव मनोविज्ञान र भावनाहरूमा आधारित हुन्छन् । त्यसैले वित्तशास्त्रका सिद्धान्तहरूले जतिसुकै तर्कसंगत र तथ्यसंगत लगानी भने पनि मानवले लगानी निर्णय गर्दा साथीभाइले भनेका कुरालाई बढी महत्व दिन्छन्, लगानी विविधीकरणभन्दा आफूलाई मन परेको स्टकमा धेरै लगानी गर्छन् अनि वरिपरिका अन्य मानिसले सजिलै आम्दानी गरेको देखेर स्टक मार्केटमा हाम फाल्छन् । अनि सुरु हुन्छ जोखिमयुक्त लगानी यात्रा ।

लगानीमा सफलता प्राप्त गर्न र जोखिम व्यवस्थापनका लागि व्यावहारिक वित्तको ज्ञान अत्यन्तै महत्वपूर्ण हुन्छ । वित्तशास्त्रका सिद्धान्तहरूले पोर्टफोलियो व्यवस्थापन र जोखिम व्यवस्थापनका लागि विभिन्न उपाय दिँदै गर्दा हालका वर्षहरूमा वित्तशास्त्रका सिद्धान्तभन्दा बजार तथा लगानीकर्ताको व्यवहारिक मनोविज्ञानलाई ध्यानमा राखी गरिने लगानी बढी सफल हुने विषयका अनुसन्धानहरू बढी हुन थालेका छन् । व्यावहारिक वित्तले मानव मनोविज्ञान र वित्तीय निर्णयहरूको सम्बन्धका बारेमा विश्लेँष्ण गर्दछ । लगानीकर्ताहरू अक्सर आफ्ना भावना र मनोवैज्ञानिक पूर्वाग्रहहरूको आधारमा निर्णय गर्दछन्, जुन सही वित्तीय निर्णयहरूमा बाधक हुन सक्छ । व्यावहारिक वित्तका अनुसार, मानिसहरू प्रायः तत्कालिक सन्तुष्टिको खोजीमा दीर्घकालीन लक्ष्यहरूबाट विचलित हुन्छन् ।

स्टक मार्केटमा लोभ (ग्रीड) र डर (फियर)का सम्बन्धमा धेरै चर्चा हुने गर्दछ । लगानीकर्ताहरू उच्च फाइदाको आशामा गरिने जोखिमपूर्ण निर्णयलाई लोभ भनिन्छ । उदाहरणका लागि एक लगानीकर्तालाई कुनै एउटा स्टकको भाउ बढ्दै गरेको र एक महिनामा रू. ५५० सम्म पुग्ने अनुमान गरी त्यसपछि बिक्री गर्ने मनसाय राखी हाल रू. ५०० मा किन्छ । तर, त्यो स्टक १० दिनमा नै ५५० पुग्यो भने उसले बिक्री गर्नुको सट्टा अझै धेरै बढ्छ भन्ने लोभमा आफ्नो योजना परिवर्तन गर्छ । यसरी लगानी योजनामा परिवर्तन गरी अझै धेरै नाफा खोज्दा ठूलो जोखिममा पर्न सकिन्छ । त्यसैगरी डरले पनि लगानीकर्तालाई अत्यधिक प्रभावित गर्न सक्छ । जब बजारमा उतारचढाव आउँछ, लगानीकर्ताहरू चिन्तित हुन सक्छन् र तीव्र रूपमा निर्णय परिवर्तन गर्न सक्छन् । लगानीकर्ताको डरका करणले नै स्टक मार्केट तीव्र रूपमा घट्छ ।

मानव स्वभावमा समूह वा अरूलाई पछ्याउने प्रवृत्ति हुन्छ । संसारभरि नै सफल लगानीकर्ताहरू जस्तै वारेन बफेटले जेमा

लगानी गर्छन् तिनै शेयरमा लगानी गर्ने चलन छ । तर, त्यस्ता सफल लगानीकर्ताको जोखिम लिन सक्ने क्षमता र साधारण लगानीकर्ताको जोखिम लिन सक्ने क्षमतामा धेरै फरक हुन्छ । त्यसैले अन्य सफल लगानीकर्ताको निर्णय तपाईंका लागि सही नहुन सक्छ । तपाईंको लगानीको स्रोत र उसको स्रोतमा धेरै अन्तर हुन सक्छ । त्यसैले लगानी गर्दा अरूको सफलतालाई हेरेर उसलाई पछ्याउनेभन्दा पनि आफ्नो अवस्थालाई मनन गरेर यथार्थपरक निर्णय गर्नुपर्छ । लगानी गर्दा भावनात्मक र मनोवैज्ञानिक पूर्वाग्रहहरूको प्रभावलाई चिन्नु महत्वपूर्ण छ । यी पूर्वाग्रहहरूले निर्णयलाई नकारात्मक प्रभाव पार्न सक्छन् । सफल लगानीकर्ताहरूले तिनीहरूको भावनालाई नियन्त्रणमा राख्न र तर्कसंगत रूपमा विचारहरूमा आधारित निर्णय गर्न महत्वपूर्ण हुन्छ ।

लगानी व्यवस्थापनको पहिलो कदम भनेको आफ्नो वित्तीय लक्ष्य स्पष्ट रूपमा निर्धारण गर्नु हो । तपाईंको लक्ष्य अल्पकालीन (जस्तै- छुट्टीका लागि बचत), मध्यकालीन (जस्तै- घर किन्ने) वा दीर्घकालीन (जस्तै- सेवानिवृत्ति) हुन सक्छ । लक्ष्य निर्धारणले लगानीको समयसीमा र रणनीति तय गर्न मद्दत गर्छ । उदाहरणका लागि, के तपाईं १० वर्षमा घर किन्न चाहनुहुन्छ ? वा, २० वर्षमा अवकासका लागि कोष बनाउन चाहनुहुन्छ ? यी लक्ष्यहरूले तपाईंको लगानीको समयावधि, जोखिम बहन गर्ने क्षमता र अपेक्षित प्रतिफल निर्धारण गर्छन् ।

त्यसपश्चात के-कस्ता क्षेत्रमा लगानी गर्ने, कति अवधिका लागि लगानी गर्ने, नगद प्रवाह प्राप्त हुने उपकरणमा लगानी गर्ने कि कूल सम्पत्ति बढ्ने गरी लगानी गर्नेजस्ता विषयमा निर्णय गर्नुपर्छ । लगानी गरेपछि आफूले लक्ष्य राखेको नाफा प्रप्त भएपछि थप लोभ गर्नुहुँदैन भने मूल्य घट्न थालेमा एक निश्चित मूल्यभन्दा तल शेयर मूल्य घट्नेबित्तिकै घाटामा नै भए पनि शेयर बिक्री गर्नुपर्छ । लगानी गरेको शेयरको मूल्य पटक पटक हेर्नु हुँदैन । बजारमा चनाखो भई आउने सूचना तथा जानकारी विश्लेषण गर्नुपर्छ तर प्राप्त हुने सबै जानकारी वा सूचना मूल्यलाई प्रभावित गर्ने खालका हुँदैनन् । त्यसैले जस्तो पनि सूचनाका आधारमा लगानी निर्णय परिवर्तन गर्नु हुँदैन । मानिसहरूले आफ्नो निर्णयमा भावनालाई हाबी हुन दिन्छन्, जसले उनीहरूको दीर्घकालीन योजनालाई असर गर्छ । त्यसैले आफ्नो लिखित लगानी योजना तयार गरी कार्यान्वयन गर्दा पछि के कुरामा मनोवैज्ञानिक पूर्वाग्रह भयो वा के गल्ती भयो भन्ने विषयमा मूल्यांकन गरी भविष्यमा गरिने लगानी निर्णयलाई सही बनाउन सकिन्छ ।

लगानी एक कला र विज्ञान दुवै हो । सर्वसाधारण लगानीकर्ताका लागि आफ्नो सम्पत्ति व्यवस्थापन गर्नु चुनौतीपूर्ण हुन सक्छ, विशेषगरी जब बजारमा अनिश्चितता र जोखिमहरू धेरै हुन्छन् । व्यावहारिक वित्त (बिहाभियरल फाइनान्स)ले सुझाव दिए जस्तै पोर्टफोलियो व्यवस्थापन र जोखिम व्यवस्थापन गरी अल्पकालभन्दा पनि दीर्घकालका लागि लगानी गर्दा बढी सफल हुने सम्भावना हुन्छ । त्यसैले पिटर लिन्चले भने जस्तै स्टक मार्केटको लगानीमा सफलता प्राप्त गर्न धैर्य र अनुशासन अत्यावश्यक छन् । ■

*(लेखक नेपाल स्टक एक्सचेन्जको प्रबन्धक हुनुहुन्छ ।)*





भीमनारायण श्रेष्ठ

# बिभर्स बेण्ड पार्कमा टहल्दा...

बिहानको नित्यकर्म सकेर सुवोध (विनयको साथी)को परिवार बसेको क्याबिनमा पुगें । त्यहाँ सुवोधकी पत्नी रूबिनाले चिया तयार पारिसकेकी रहिछन् । चियाको सत्कार ग्रहण गर्दै 'धन्यवाद'को औपचारिकता पस्कें ।

तातो चिया 'सुरुप्प... सुरुप्प...' सुर्क्याउँदै बाहिरतिर आँखा डुलाएँ । प्यारी पत्नी शान्ता र छोरा विनय क्याबिन बाहिरै बसेर चियाको चुस्की लगाइरहेका थिए । उनीहरूलाई साथ दिन म पनि चियाको कप लिएरै बाहिर निस्कें ।

जाडो मौसमको बिहानीमा तातो चियाले मन हलुङ्गो र फुरूङ्ङ पार्दै थियो ।

संयुक्त राज्य अमेरिकाको ओक्लाहोमा राज्यको ब्रोकेन बोअ नगरस्थित बिभर्स बेण्ड स्टेट पार्क भित्रभित्रै मुस्कुराइरहेको थियो । भ्रमणको सिलासिलामा हामी हिजो यहाँ आएर बसेका थियौं, पार्कभित्रकै सुविधायुक्त क्याबिनमा । क्याबिनको बसाइँ अविष्मरणीय लागिरहेको छ । त्यसमा पनि खुल्ला र शान्त वातावरणको क्याबिन बाहिर चिसोको परवाह नगरी चियाको चुस्की लगाइरहन पाउँदा मनै चङ्गा भएछ ।

'यो ठाउँ कस्तो लाग्यो बा ?' चियाको चुस्की लगाउँदै विनयले सोधे ।

'राम्रो छ । प्रकृतिसँग साक्षात्कार हुन पाइएको छ ।' चियाको चुस्की लगाउँदै छोटो जवाफ फर्काएँ ।

'माँ... ! कस्तो लाग्यो तपाईंलाई ? रमाइलो लागेन कि ?' विनयले शान्तातिर हेर्दै भने ।

'नयाँ ठाउँमा घुम्न पाउनु पनि रमाइलो हुँदैन र !' शान्ताले भनिन् ।

आमाबुबालाई नौलो ठाउँमा घुम्न लिएर जान पाएकोमा विनय पनि दङ्ग छ । यात्राका अनुभवबारे कुरा गर्दै चियाको चुस्की लगाइरहेका थियौं हामी ।

हामी हिजो बेलुका (२७ डिसेम्बर, २०२४ को बुधावार) नै यहाँ (बिभर्स बेण्ड स्टेट पार्कको क्याबिन) आएर बसेका हौं । टेक्सासको लेविसभिल नगरबाट बिभर्स बेण्ड स्टेट पार्कसम्म करिब १९८ माइल पार गरेर आइपुगेका थियौं ।

ओक्लाहोमा राज्यको एमसी कर्टेन काउन्टीअन्तर्गतको ब्रोकन बोअ नगरमा पर्ने यो पार्क सन् १९३७ मा स्थापना भएको रहेछ । ओक्लाहोमा टुरिज्म एण्ड रिक्रियशन डिपार्टमेन्ट अन्तर्गत सञ्चालित यो पार्कको क्षेत्रफल ३४८२ एकड (१४० ९.१२ हेक्टर) भूमिमा फैलिएको रहेछ ।

हिजो साँझतिर पुगेकाले खासै प्रकृतिसँग रमाउन पाएका थिएनौं । बरू बेलुका क्याम्प फायर गरेर रमायौं । चिसो मौसममा क्याम्प फायरको आगो ताप्न चारैतिर बस्यौं । आगोको रापले दिनभरको थकान नै मेटियो । क्याम्प फायरमा आगोको भुङ्ग्रोमा आलु र सख्खरखण्ड पोलेर खाएको मज्जा नै बेग्लै । बिर्सनै नसकिने खालको । सेकुवा पोलेर खाएको भन्दा पनि स्वादिष्ट । बरू एकैछिनमा रात पर्न थाल्यो । नौलो ठाउँको अनुभव सँगाल्न पाएकाले मन प्रफुल्ल छ ।

क्याम्प फायरमा रमाउँदै गर्दा साँझ करिब ६ बजेतिर ठूलो आवाजमा साइरन बजेको सुनियो । कसैले केही मतलब गरेनौं । मेरो मनमा भने कौतुहल जाग्यो । फेरि करिब ८ बजेतिर पनि त्यस्तै ठूलो आवाजमा साइरन बज्यो । झन् मनमा कताकता त्रासको भावना फैलियो । दुई-दुई चोटी त साइरन पक्कै पनि त्यत्तिकै बजाएको हैन होला । मनमा कौतुहलले अड्डा जमायो । किन साइरन बजाएको होला ? सतर्कताका लागि हो कि ? केही बुझ्न सकिनँ । हामीमध्ये कसैलाई पनि थाहा भएको होइन ।



माउण्टेन फोर्कको किनारास्थित क्याबिनमा बसेको भएर साइरनको आवाज नजिकैबाट आएको जस्तो लाग्यो । अझ खोलैखोलाको पहाडी भित्तामा साइरनको ध्वनि ठोक्किँदा निस्केको प्रतिध्वनि झन् लामो समयसम्म गुञ्जिरह्यो । पार्कभित्रको सारा वातावरण चिर्दै प्रतिध्वनिले झन् त्रसित बनायो ।

कुनै बिपत्ति नआईकन त्यत्तिकै त पक्कै पनि साइरन बजेको हैन होला भनेर मनमा शंका उब्जिरहेथ्यो । तर, कोसँग सोध्ने ? फोन गर्न मोबाइलमा नेटवर्क पनि छैन । चाइँचुइँ कतैबाट केही आवाज आएको पनि होइन । हामी बसेको क्याबिन एकान्तमा छ । पालोपहरा पनि कता छ खै ? बिना जानकारी सतर्कताका ध्वनि गुञ्जिएकाले मनमा चिसो पसेर रातभर झस्काइरह्यो । त्यत्तिकैमा कतिखेर निदाउन पुगेछु थाहा नै भएन ।

बिहान उठ्दा आफूलाई सकुशल नै पाउँदा खुसीको सीमा नै रहेन । अझ सबैजना सकुशल साक्षात्कार हुन पाएकाले 'धन्य कसैलाई केही भएन' भनेर मनमनै सोच्दै सारा अवयव हलुङ्गो पारें । कतै केही विध्वंश मच्चिएजस्तो त लागेन । मनमनै 'धन्य केही भएको रहेनछ' भन्दै सन्तोषको सास फेर्दै बसें ।

सबैजना बिहान चिया खाँदै आफ्नै तालमा गफिरह्यौं । त्यसै मेसोमा 'हिजो केका लागि साइरन बजाएको होला ?' भनेर मैले कुरा उप्काएँ ।

'खोलामा पानीको सतह बढेकोले साइरन बजाएको रहेछ' विनयले सहजै उत्तर फर्काए । अनि यसो खोलातिर नजर लगाएँ । साँच्चिकै हो रहेछ । पानीको सतह बढेको रहेछ । हिजो बेलुकातिर खोलामा हेरेको थिएँ । निकै तलबाट पानी बगिरहेको थियो । अहिले त धेरै माथिसम्मै आइपुगेछ । खोला वारपार समथर भएर पो बगिरहेछ । हामी बसेको ठाउँ भेट्न त्यस्तै दुई तीन फीट जति मात्र बाँकी देखियो । अझै बढेको भए ?

'धन्य ! हामी बच्यौं !' मनमनै भनें ।

'खोलामा पानी बढेकोले सतर्कता गराएको भनेर कसरी थाहा भो ?' मैले सोधें ।

'ऊ त्यहाँ रूखमा सूचना टाँगेको रहेछ ।' विनयले देखाए ।

साँच्चै हो रहेछ । पानीको सतह बढेपछि साइरन बजाउने रहेछ । पानीको सतह बढ्दै गएमा उच्च भागमा जानसमेत सूचित गराइराखेको रहेछ । उनले पनि बिहान मात्र त्यो सूचना देखेको रहेछ । आखिर जेहोस् केही कुनै बिपत्ति आएन र दुःख झेल्नु परेन ।

पुत्रवधू निभा, सुवोध र रूविना (दम्पत्ती) भित्रै बसेर चिया पिउँदै कुराकानी गरिरहेका थिए । साना नानीहरू दुई वर्षीय नातिनी नीलः र सुवोधकी छोरी सेरिना (२२ महिनाकी) उठेका पनि थिएनन् । हामी भने बाहिरै बसेर चिया पिउँदै चारैतिरको वातावरण नियाल्दै रमाइरहेका थियौं ।

बिभर्स बेण्ड स्टेट पार्कलाई ओक्लाहोमा राज्यको २२ वटा स्टेटपार्कमध्ये सबैभन्दा लोकप्रिय र राज्यकै दोस्रो ठूलो पार्कको रूपमा लिइँदोरहेछ । यहाँ अवलोकन भ्रमण गर्न आउने पर्यटकको संख्या उल्लेखनीय रहेछ । वर्षमा लाखौं पर्यटकहरू आउने तथ्यांक पनि रहेछ । यस पार्कमा ८ अप्रिल, २०२४ मा खग्रास सूर्य ग्रहण लाग्दा चार मिनेट पन्ध्र दशमलव दुई सेकेण्ड अँध्यारो छाएको रहेछ ।

**चारैतिर घना जङ्गल । सामसुम वातावरणलाई चिर्दै चराचुरूङ्गी चिरबिर गरिरहेका थिए । ती सुमधुर आवाज सुनेर सारा वातारण नै मन्त्रमुग्ध भइरहेजस्तो लाग्छ । चराचुरूङ्गी पनि शान्त वातावरण पाएर रमाउँदै थिए ।**

पार्कभित्रबाट बगिरहेको माउण्टेन फोर्क रिभर (खोला)मा बाँध बनाएर ब्रोकेन बोअ लेक नामको एउटा ठूलो ताल बनाएको रहेछ । यो स्टेटपार्कमा अग्ला रूखहरू, स्वच्छ सफा पानी र अग्ला होचा कडा चट्टानको भूबनोट भएकाले चित्ताकर्षक र रमणीय लाग्यो ।

चारैतिर घना जङ्गल । सामसुम वातावरणलाई चिर्दै चराचुरूङ्गी चिरबिर गरिरहेका थिए । ती सुमधुर आवाज सुनेर सारा वातारण नै मन्त्रमुग्ध भइरहेजस्तो लाग्छ । चराचुरूङ्गी पनि शान्त वातावरण पाएर रमाउँदै थिए । सायद आफ्नै सूरतालमा गीत गाइरहेका होलान् । एकनासको चिरबिरले वातावरण नै सङ्गीतमय बनाइरहेको थियो । ध्यानमग्न भई सुनिरहौं लाग्ने । मनै आह्लादित पार्ने खालका शब्द ओक्लँदै सायद के-के भनिरहेका होलान् ती चराहरू ।

अन्त कतैबाट केही चाइँचुइँ सुनिएन । अगाडिपट्टि रहेका माउण्टेन फोर्क नाउँको खोला पनि चुपचाप बग्दै थियो । सायद, शान्त वातावरणमा रमाउने पर्यटकहरूलाई थप आनन्दमय बनाउन नसुसाएको होला । नत्र खोला नसुसाउने त कुरै थिएन, त्यो पनि बाढी आएको बेला ।

यस्तै कुरा मनमा खेलिरहँदा चितवनको सौराहा, कसरा र टाइगर टप्स झलक्क सम्झें । बर्दिया लगायतका राष्ट्रिय निकुञ्जहरू सम्झें । जैविक विविधताले भरिएका हाम्रा ती पर्यटकीय स्थलले जोसुकै पर्यटकलाई पनि लोभ्याउने गर्छ । प्रकृतिको सुन्दरतामा रमाउनेहरूका लागि हाम्रो देशमा पनि प्रशस्त यस्ता ठाउँहरू छन् । तर विडम्बना नै भन्नुपर्छ, हाम्रा नीति-निर्माताहरूको अदूरदर्शिताका कारण त्यस्ता ठाउँहरू ओझेलमा पर्दै गइरहेका छन् । केही चालुमा रहेका सफारी पार्कहरूमा कमिशनको होडबाजीले कङ्गाल बनाइसके । यस्तै-यस्तै कुराहरू मनमा तरङ्गित हुन थाल्यो ।

बिहानै बाक्लो हुस्सुले आकाश ढाकेकाले हतपत्ती घाम छिर्ने छाँटकाँट देखिरहेको छैन । अझ मन्द गतिमा शीतको थोपा मिश्रित हावा बहिरहेको थियो । बाहिरको वातावरण नियाल्दा सितिमिति शरीर तात्ने अवस्था देखिंदैन । सायद, डिसेम्बर महिनाको अन्तिम साता भएकाले होला, मौसम चिसो भइरहेको । त्यसमा पनि बिहानीपख चिसो हुनु त स्वाभाविकै हो । अझ खोलाछेउको क्याबिन भएर होला झन् हुस्सुको सामना गरिरहेछौं । तैपनि स्वच्छ वातावरणमा घूलमिल हुन पाएकाले शरीरमा स्वतःस्फूर्ति बढेको छ । त्यसमा पनि चियाको

चुस्कीले आन्तरिक ऊर्जा थपिरहेको छ ।

यहाँ भ्रमण गर्नेहरूका लागि हाइकिङ, बाइकिङ, बोटिङ, फिसिङ, वाटर स्कीङ, नेचर सेन्टर एक्टिभिटिज, रिभर फ्लोट ट्रिप्स, केनोइङ, हर्सब्याक राइडिङ र अरू धेरै किसिमका मनोरञ्जन गर्ने ठाउँहरू पनि रहेछन् । रात बिताउनेहरूका लागि शान्त वातावरणको ४७ वटा किचेनसहितको पारिवारिक क्याबिन, ३९३ वटा क्याम्प साइट, ५० भन्दा बढी टेण्ट साइट र आठभन्दा बढी क्याम्पिङ क्षेत्रहरू पनि छन् रे !

यस्तो पर्यटकीय क्षेत्रमा प्रभातकालीन घुमफिरका लागि अनुकूल चिसो वातावरण वा मौसम देखेर घुम्नजान कम्मर कसें । शान्ताले पनि सँगै जान कम्मर कसिन् । चिसोको परवाह नगरी जङ्गलको पदमार्ग पछ्याउँदै हामीले एकचक्कर लगाई छाड्यौं । साह्रै रमणीय लाग्यो । अनि त जाडो सब चट । क्याबिनमा फर्केर चियाको तलतल लागेकाले पुनः चिया थपें ।

आजै हामी फर्किनु छ । १२ बजेसम्ममा हामीले क्याबिन खाली गरिदिनुपर्छ । त्यसैले बिहानको नास्ता सकेर निभा र रूबिना सामानहरू मिलाउँदै थिइन् । पोकापुन्तरा मिलाइसकेपछि हामी निस्कने तरखरमा लाग्यौं । भनिन्छ नि, अमेरिकामा सबै कामधाम निर्धारित समयमा नै हुन्छ । त्यसमा हामी पनि के कम छौं र ? निर्धारित समयभन्दा एक घण्टा अघि नै क्याबिन खाली गरेर निस्क्यौं । पार्कको कार्यालय भवन अलि माथितिर रहेछ । साँचो बुझाउन त्यतैतिर गाडीमै नै सररररर गयौं ।

साँचो बुझाइसकेपछि विनयले गाडी पुनः जङ्गल भित्रभित्रै अन्यत्र ठाउँतिर हुइँक्याए । मैले सोचें कि फर्कने बाटो अर्कै होला । तर, होइन रहेछ । जङ्गलको बीचमा पुगेपछि गाडी रोकियो । त्यहाँ अरू पनि धेरै गाडीहरू बिसाइराखेका देखें । सायद यहाँ जङगलभित्र अर्को कुनै होटल रेष्टुराँहरू होलान् भन्ने लागेको थियो । चारैतिर आँखा डुलाएँ । तर, कतै पनि त्यसको भेउ पाउन सकेन ।

चारैतिर अग्ला रूखहरूले घेरिएको शान्त वातावरणको जङ्गलमा चराचुरूङ्गीको मधुर आवाजले सङ्गीतमय बनाइरहेको थियो । एकछिन प्रकृतिको बरदान सङ्गीत श्रवण गर्ने मौका पाएँ । कानमा गुञ्जिरहेको चिरबिरको सङ्गीतले मन आनन्द पारिदिएकाले हर्षविभोर भई लट्ठ भएँ ।

त्यत्तिकैमा सुवोध पनि विनयको गाडी पछ्याउँदै आएर नजिकै गाडी रोके । अनि हामीले अलि माथितिरको जङ्गलको पैदल बाटो पहिल्यायौं ।

त्यहाँ दुईवटा खम्बा गाडेर एउटा प्रवेशद्वार बनाएको रहेछ । प्रवेशद्वारको माथितिर तेर्सो राखेको बोर्डमा 'फ्रेण्ड्स ट्रैल– फ्रेण्ड्स अफ बिभर्स बेण्ड' लेखिराखेको देखियो । त्यसैले जङ्गलको बाटो पहिल्याउन गाह्रो भएन । अनि जङ्गलभित्रको पैदल मार्गमा लम्कियौं लसक्क लसक्क ।

एक चक्कर लगाउन जङ्गलको पैदलमार्ग लगभग २.२ माइल (करिब साढे तीन किलोमिटर) तय गर्नुपर्ने रहेछ । अलि

**यतातिरका डाँडापाखाहरू नेपालको चुरे पहाडभन्दा पनि होचा रहेछन् । हाम्रो लागि त्यतिको उकालो हिंड्नु भनेको सामान्य नै हो । तर यतातिरका मान्छेहरूका लागि भने अग्ला पर्वत चढेसरह नै हुँदोरहेछ क्या रे !**

अलि उकालो पनि रहेछ । लगभग २०/२५ मिनेट जति लाग्ने उकालो बाटाको लागि हामीले एक घण्टा लगाएर कटायौं । खासै उकालो बाटो त हैन । नीलः र सेरेना साना नानीहरू साथमा भएकाले खेलाउँदै, फकाउँदै जङ्गल सफारी पार गर्नुपर्ने भएकाले त्यति समय लाग्न गएको हो । उकालो बाटो नीलःले खेल्दै कटाइन् । सेरेना अलि सानी भएकीले एकैछिनको हिडाइँमा नै सुवोधले बोक्नुपर्‍यो ।

जङ्गल सफारीका लागि पैदलमार्गको प्रस्थान बिन्दुको उचाइँ समुद्री सतहबाट लगभग ४५० फीटको हाराहारी रहेछ । उकालोको अन्तिम बिन्दुको उचाइँ भने ७१८ फीटसम्मको रहेछ । यतातिरका डाँडापाखाहरू नेपालको चुरे पहाडभन्दा पनि होचा रहेछन् । हाम्रो लागि त्यतिको उकालो हिंड्नु भनेको सामान्य नै हो । तर यतातिरका मान्छेहरूका लागि भने अग्ला पर्वत चढेसरह नै हुँदोरहेछ क्या रे ! स्याँ स्याँ फ्वाँ फ्वाँ गर्दै उकालोमा रमाइरहेका देखिन्थे । बाटोभरि नै कमिलाको ताँतीझैं लस्करमा बच्चादेखि बुढेसकालसम्मका मान्छेहरू सरिबरि देखिन्थे ।

हामी क्रिसमस र नयाँवर्षको बीचको समय पारेर गएका थियौं । सायद उनीहरू पनि त्यही समय मिलाएर खुसी मनाउन कामबाट विश्राम लिएर परिवारसहित आएका होलान् । उमेरले नेटो काटेकाहरू झन् उत्साहित भएर रमाउँदै थिए । अनि त हाम्रो मनोबल झन् बढ्ने भइहाल्यो । त्यसै पनि टोपी खस्ला जस्तो लाग्ने पहाडको टाकुरा हेर्दै उकालो चढ्ने गरेका हामीलाई त यतिको उकालो के उकालो हो र ?

साना नानीहरू साथमा भएकाले एक चक्कर वन विहार गर्दा हामीलाई सवा दुईघण्टाको समय लागेछ । उकालो बाटोभरि निलः त खेल्दै रमाउँदै गइन् । त्यसपछि तेर्सो ओरालो झर्दा भने थाकिछन् क्या रे निदाइन पनि । अनि त उनलाई पनि बोक्नै पर्‍यो ।

प्रकृतिसँग मित्रता गाँस्दै पाइला सार्न पाएकाले मन लोभिएर लट्ठै थियो । जति पाइला अघि बढ्यो त्यति नै मन रोमाञ्चित भइदिने । अग्लाअग्ला रूखहरूको बीचमा हलुका उकालो ओरालो बाटो । त्यसपछि माउण्टेन फोर्क रिभरको किनारैकिनारको बाटो । बाटोभरि ढुङ्गाका गेगर, रूखका जरा र पतकरहरू असरल्लै थिए । प्रकृतिले जसरी ठाउँ दिएको छ त्यसरी हिँडेको छ बाटो । कतै पनि ढुङ्गा, माटो र सिमेन्टले बनाएका खुड्किलाहरु देख्न पाइएन । जतातत्तै सुकेका र लडेका रूखहरू त्यत्तिकै कुहिएर बसेका छन् । कसैले केही मतलब गरेको पाइएन । बाटोमा तेर्सिएका ढुङ्गाहरू पनि लथालिङ्ग त्यसै छन् । कतै पन्छाएको पाइएन । खासमा प्रकृतिसँग साक्षात्कार हुने भनेकै यस्तै पो हो कि ?

जाडोको मौसम भए तापनि दिउँसो आकाश सफा भएकाले मनोरम दृश्यहरू अवलोकन गर्ने अवसर मिलेछ । मध्याह्नको घामले पोलेको अनुभव पनि



भएन । उकालो बाटोभरि त शरीरले थाम्न सक्ने न्यानोपन आइरहेछ । उकालो कटेर एकछिन तलतिर झर्दा माउन्टेन फोर्क रिभर (खोला)ले मन तान्यो ।

आहा ! कति कञ्चन पानी, कतै पुग्न हतार भएजस्तै तँछाड मछाड गर्दै दायाँबायाँको चट्टानसित पौंठेजोरी खेल्दै बुर्कुसी मारिरहेको छ पानी । अझ सतहमा भएको गन्ठ्याङ् मन्ठ्याङ् चट्टानमा चिप्लेटी खेल्दा प्रवाह भएको सङ्गीतमय ध्वनि सुनेर एकछिन लठ्ठै भएँ । अलि अलि बचेखुचेका थकान पनि एकैछिनमा चट । अझ निस्फिक्री डुलिरहेका पन्छीहरूको सुमधुर आवाजले मनै आल्हादित बनाएको थियो ।

त्यहाँको सुन्दरतामा भुलेर मोबाइलको क्यामेरा अघिल्तिर सशरीर ठिङ्ग उभिएर क्लिक गर्दा त क्या आनन्द । हामीहरू एकआपसको क्लिक गर्दै खोला किनाराको अग्लो ठाउँको शितलमा एकछिन विश्राम लिन पुग्यौं । यहाँको प्राकृतिक उपहार रसास्वादन गर्दै कल्पिरहँदा झनै झकाउन पुगेछु । हातमा समातिरहेको मोबाइल झन्नै पानीमा इवाम्मै । बिजोग नै हुन्थ्यो नि !

एकैक्षणको विश्राममा पनि त्यहाँको सिरेटोले अँगाल्न थाल्यो । मन्द-मन्द गतिको सिर्सिरे सिरेटोले मनै लोभ्याउँदै थियो । रनवन डुल्दाको बखत प्रकृतिले अमृतसरहको शीतलता बर्सिंदा भावविभोर बने म ।

विशाल वन क्षेत्र ओगटिएको बिभर्स बेण्ड स्टेट पार्कस्थित वनस्पतिको बारेमा ज्ञान नभएकाले अलि मन कुँडियो । पातपतिङ्गर र रूखमा फलेका कतिपय फल र फूलहरू जतातते छरिएका थिए । त्यसैखेर गइरहेको देखेर मनमनै सोचें 'यी सब बेकामका फल पो हुन् कि ? अथवा यसको उपयोगिताका बारेमा जानकारी नभएर हो ? खै कुन्नि ! मलाई नेपालको वनस्पतिका बारेमा त अलिअलि जानकारी भए पनि यहाँ अनभिज्ञ छु ।

नेपालमा पनि यहाँको जस्तो वन जङ्गलको सफारी पार्क नभएको होइन । अझ पदमार्गहरू त कति छन् कति । अझै नयाँ पदमार्गहरू पहिल्याउन कति बाँकी होलान् । जानकारहरूको नजरमा हाम्रो देशमा विश्वमा दुर्लभ चराचुरुङ्गी, वनस्पति, फूल, बोटबिरूवा र कीटपतङ्ग आदि पाइन्छ । हुन पनि विश्वको सर्वोच्च शिखर सगरमाथा हिमाल हाम्रै देशमा अवस्थित छ । जलस्रोतको धनी देश पनि भनिन्छ । हरियो वन नेपालको धन भन्ने उक्ति पुरानो नै भइसकेको छ । तर के गर्नु, शासक वर्गको अकर्मण्यताका कारण सबै ओझेलमा परेका छन् । विकासको नाउँको भजन गाउँदै विनाशतर्फ धकेलिँदै लगिरहेको छ देशलाई ।

तर के गर्नु ? 'हाम्रो कर्मै खोटो' भनेजस्तै, हामीले चाहँदा नचाहँदै पनि उही/उनैलाई शासनाधिकार दिइरहका हुन्छौं । 'जुन जोगी आए पनि कानै चिरेका' भनेजस्तै उस्तैउस्तै मानसिकताले सजिएका नाइकेहरू आइरहने त हुन् । देशले कहिलेसम्म यस्तै नियती भोग्नुपर्ने हो, सोचनीय विषय भइसकेको छ । अझै पनि शासकवर्गको मानसिकतामा परिवर्तन आउने छाँटकाँट देखिँदैन । यी राजनेता भनाउँदाहरूको चालामाला देखेर दिक्क र वाक्क लागेर आउँछ । अब त



समाजका सचेत नागरिकहरू जुर्मुराउनु पर्ने अवस्था आइसकेको छ । सोँचिरहन्छु म !

खोलाको किनारैकिनार समथर भूमिको पैदलमार्गमा पाइला सारिरहेका छौं । मेरो पछिल्तिर शान्ता थिइन्, उनको पछिल्तिर निल:लाई बोक्दै विनय आइरहेका थिए । निभा र सुबोधको परिवार अलि पछाडि नै थिए । एक ठाउँमा एउटा ठूलो रूख बाटोमा तेर्सिएर लडेको रहेछ । मक्किएको त्यो रूखको मूढोलाई बटुवाहरूले नाघेर वा माथि टेकर आउजाउ गर्दा रहेछन् । मैले पनि एक पाइला अलि माथि उठाउँदै त्यो मूढो नाघेर अघि बढें ।

'ए... ए... माँ... !" विनय आत्तिँदै कराएको सुनेर फर्केर हेरें । मेरो पछिपछि आएकी शान्ता त्यही मूढोमा अल्झिएर लडेकी रहिछिन् र हाँस्दै उठ्दै रहिछिन् । धन्न केही चोटपटक लागेन छ ।

विनय निल:लाई काँधमा बोकेर मोबाइलबाट दृश्यहरूको भिडियो खिच्दै आइरहेको रहेछ । अकस्मात् शान्ता लडेको अवस्थाको भिडियो संयोगले उक्त क्यामरामा कैद हुन पुगेछ । त्यो भिडियो हेरेर पो थाहा भयो कसरी लड्न पुगिछिन् ।

के भएको रहेछ भने, शान्ताले त्यो मूढा नाघ्न खुड्किला जस्तै लाग्ने छेउको भागमा टेक्न खोज्दा मक्किएको ठाउँ परेकाले पाइला तलै झरेछ । अनि अर्को पाइला अघि बढन नपाउँदै त्यही मूढोमा अल्झिएर लडेकी रहिछिन् ।

शान्तालाई पनि देखायौं । अनि मरीमरी हाँस्न थाल्यौं हामी, अचम्मैले लडेको देखेर । हुन त, अकस्मात कोही कतै चिप्लिएर लडेको देख्नासाथ स्वस्फूर्त हाँसोको फोहरा उठ्छ । सहानुभूति दर्शाउनु त कता हो कता ? मानिसको स्वभावै रहेछ, अरूको दुखेसोमा हाँस्ने । हामीले त भिडियो हेरेपछि पो हाँस्यौं त ।

त्यसपछि हामी हाम्रो भूमियान बिसाएको ठाउँमा पुग्यौं । बिहान ब्रेकफास्ट नाउँको अलिअलि खाजा खाएर हिँडेको पनि पैदलमार्गमा रमाउँदा सकिगो । पापी पेटले केही मागिरहेकाले साथमा भएको खानेकुरा खान थाल्यौं ।

लगभग अपराह्नको दुई बजेतिर त्यहाँबाट प्रस्थान गर्ने सूरसार गर्न थाल्यौं । जाडो मौसमको दिन छोटो हुनु स्वाभाविकै हो । धेरै अलमल गर्नु उपयुक्त नहुने देखेरै कतै अलमल नगरीकन सरासर बाटो ततायौं ।

ब्रोकन बोअ नगर बाहिरको सडकमा दुर्घटना भइरहेकाले ट्राफिकले अर्कै बाटो समाउन संकेत गरिरहेको थियो । अर्कै सडक पहिचान गरीकन सवारी अघि बढ्यो । बाहिरी सडक अलि लामो हुनुका साथै केही ठाउँमा सवारी चाप पनि केही बढेको थियो । त्यसैले टेक्सासको डेनटन काउन्टीअन्तर्गतको लेविस भिल नगरस्थित आ-आफ्नो निवासमा पुग्न अलि ढिलै भयो ।

समय सूचकले यतिखेर बेलुकाको ७:३० बज्यो भनिरहेको थियो । ■

*२४ मे, २०२४ (११ जेठ, २०८१)*
*युलेस, टेक्सस, अमेरिका ।*



# समाजका मानक वेदप्रसाद

## दुबईमा लेबर कामदेखि नेपालीका अभिभावकसम्म

संयुक्त अरब इमिरेट्सको दुबईमा वेदप्रसाद अर्याल, एक मेहनती र समाजप्रेमी व्यक्तित्वका रूपमा चिनिन्छन् । जसले आफ्नो जीवनका कठिनाइहरूलाई चुनौती मानेर प्रगतिपथमा अग्रसर हुँदै दुबईमा सफलताको एक उदाहरण प्रस्तुत गरेका छन् । उनी पाल्पाको निस्दी गाउँपालिका-५ स्थित गल्धाफाँटका स्थायी बासिन्दा हुन् ।

सामान्य ग्रामीण परिवेशमा हुर्किएका वेदप्रसादले प्रारम्भिक शिक्षा गाउँकै सरकारी विद्यालयबाट गरे । आर्थिक अवस्था कमजोर थियो, उनको ध्यान पढाइमा भन्दा पनि घरको समस्यामा केन्द्रित थियो । उनले २०५२ सालमा एसएलसीसम्मको अध्ययन गरे । बिहान-बेलुकी घरको काम गर्दै, बाबुआमाको साथ सहयोग गर्दै पढ्नुपर्थ्यो । जेठो छोराले राम्रोसँग पढोस् भन्ने चाहना बाबुआमाले राखे पनि दुई बहिनी र एक भाइको जिम्मेवारीले उनको शिक्षाको यात्रा रोकियो ।

एसएलसीको नतिजा सन्तोषजनक नआएपछि उनले परिवारको आर्थिक भार घटाउन रोजगारको खोजी गर्न थाले । बाँकेको नेपालगञ्जमा रहेको बागेश्वरी खाद्य उद्योगमा जागिर गर्दै उनले घरको दायित्व बहन गर्न थाले । आफ्नो शिक्षालाई रोकेरै सन्तानका रूपमा आफ्ना जिम्मेवारीलाई प्राथमिकता दिएका उनले भाइबहिनीको शिक्षामा योगदान पुऱ्याए ।

सन् १९९७ मा ८ महिनाको जागिरपछि उनले नेपालगञ्जबाट भारत जाने निर्णय गरे । उनको मनमा आफ्ना बाबुले चौकीदार बन्न भारत जाने सोंच गरिरहेका थिए भन्ने कुरा गहिरो रूपमा बसेको थियो । त्यसैले, सन्तानको हैसियतले जिम्मेवारी बहन गर्दै उनी १९९७ मे ३० मा घरमा कसैलाई थाहै नदिएर भारतको नयाँ दिल्लीतर्फ प्रस्थान गरे ।

त्यसपछि सन् २००२ मा उनी संयुक्त अरब इमिरेट्सको दुबई पुगे, जहाँ उनले सामान्य श्रमिकका रूपमा काम सुरू गरे । कठोर परिश्रम, इमानदारिता र निरन्तर लगनशीलताले गर्दा उनी लुलु इन्टरनेसनल ग्रुप जस्तो अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यावसायिक संस्थाको विभागीय प्रमुखसम्मको यात्रा तय गर्न सफल भएका छन् ।

**भारतमा संघर्षको कथा**

वेदप्रसाद अर्यालको जीवन संघर्ष, त्याग, समर्पण र सफलताको प्रेरणादायी कथा हो, जसले देखाउँछ- इच्छाशक्ति, मेहनत र समाजप्रतिको लगाव भए कुनै पनि व्यक्तिले आफ्नो पहिचान बनाउन सक्दछ । नयाँ दिल्लीसँगै जोडिएको भारतको उत्तर प्रदेशको गाजियावादमा उनका मामाले काम गर्थे । गाजियावाद पुगेर उनले मामाले काम गर्ने कम्पनीमा अफिस ब्वाइका रूपमा














आफ्नो पहिलो जागिरे जीवन सुरू गरे ।

त्यतिबेला कम्पनीले कानूनी रूपमा कामदारलाई स्थायी बनाउनुपर्ने अवस्थाबाट जोगिन तीन–तीन महिनाको अन्तरालमा काममा ब्रेक दिने गर्थ्यो । सुरूमा उनलाई पनि यही प्रक्रिया दोहोऱ्याइयो, तर छिट्टै उनको इमानदारिता, लगनशीलता र कार्यक्षमताले कम्पनीको ध्यान खिच्यो र सन् १९९८ मै उनी स्थायी कर्मचारी बने । त्यसपछि उनको बढुवा भयो र मेसिन अपरेटरका रूपमा काम गर्न थाले । त्यो समयमा उनले महिनाको तलब २ हजार भारतीय रूपैयाँ पाउँथे, तर ओभरटाइमसहितको आम्दानी ३ हजार आईसी पुग्थ्यो । काममा निरन्तरता र दक्षताले गर्दा हरेक वर्ष तलब बढ्दै गयो र उनको आर्थिक अवस्था क्रमशः सुध्रिँदै गयो ।

सन् २००० मा उनीसँगै बस्ने र काम गर्ने चारजना नेपाली साथीहरूले संयुक्त अरब इमिरेट्सको दुबई जाने निधो गरेपछि उनले पनि विदेश यात्राको सोँच बनाए । साथीहरूलाई विमानस्थलबाट बिदाइ गरेपछि उनले कम्पनीबाट बिदा लिएर नेपाल फर्कने योजना बनाए । तर, घरभन्दा पहिले जिल्ला सदरमुकाम तानसेन पुगेर राहदानी बनाउने कामलाई प्राथमिकता दिए । राहदानी बनाएपछि मात्र उनले घरमा आफ्नो आगमनको खबर गरेका थिए ।

घरमा छोटो समय बिताएपछि उनी फेरि गाजियावाद फर्किए । त्यहाँ पुगेपछि उनका साथीहरूले दुबईमा काम सजिलो र आम्दानी राम्रो रहेको जानकारी दिए । त्यसले उनलाई पनि दुबई जान प्रेरित गऱ्यो । कम्पनीले फ्री भिसा, फ्री टिकट दिने भने पनि उनले एजेन्टमार्फत प्रक्रिया गर्दा झण्डै ६० हजार रूपैयाँ बुझाउनु पऱ्यो । पछि दुबई पुगेपछि मात्र उनले बुझे कि टिकट त कम्पनीले नै दिएको रहेछ र त्यसवापत थप १२७२ दिराम रकम पनि तिर्नुपरेको थियो । विदेश जानु मात्रै सफलताको ग्यारेन्टी होइन । विदेश जाने प्रक्रिया, जानकारीको अभाव, बिचौलियाको खेल र सुरूवाती झन्झटले पनि वैदेशिक रोजगार यात्रा कति चुनौतीपूर्ण हुन्छ भन्ने यथार्थ उनी स्वयंले भोगेका छन् । यद्यपि, ती सबै कठिनाइका बाबजुद उनले आफ्नो लक्ष्यबाट विचलित नहुनु र निरन्तर अघि बढ्नु उनको सफलताको मूल मन्त्र हो । उनको कर्मशीलता, आत्मबल, लगनशीलता र समाजसेवामा समर्पणले उनलाई दुबईमा मात्र होइन, सम्पूर्ण प्रवासी नेपाली समुदायमा आदर्श व्यक्तित्वका रूपमा स्थापित गराएको छ ।

सन् २००२ मा लुलु इन्टरनेसनल ग्रुपको लुलु हाइपर मार्केटमा लेबरका रूपमा प्रवेश गरेका वेदप्रसादले प्रारम्भमा सामान उठाउने काम गरे । त्यसपछि ग्राहकको सामान गाडीमा हाल्ने, खाना पकाउने, पिज्जा बनाउनेजस्ता कार्यहरूमा संलग्न रहे । निरन्तरको मेहनतले उनी त्यही कम्पनीमा सुपरभाइजर, त्यसपछि म्यानेजर हुँदै सन् २०१५ मा कम्पनीको मुख्य कार्यालय अर्थात् हेडक्वाटरसम्म पुग्न सफल भए । वर्तमानमा उनी लुलु इन्टरनेसनल ग्रुपको एक विभागीय प्रमुखको रूपमा कार्यरत छन् । ग्रुपका मलेसिया, कुवेत, ओमान, साउदी अरब लगायतका शाखाहरूमा उनी तालिम दिन र शाखा सञ्चालनमा सघाउन बेलाबेलामा जाने गरेका छन् ।

## संघर्षपूर्ण जीवन र कठिनाइका दिनहरू

दुबईको प्रारम्भिक जीवन उनको लागि सहज थिएन । कम्पनीले १९६ जना नेपालीलाई एउटै घरमा राखेको थियो, जसको एक कोठामा उनी ८ जना साथीसहित बस्न बाध्य थिए । चार जना तल र चारजना माथिल्लो खाटमा सुत्नु पर्थ्यो । यस्तो भीडभाड र अशान्त वातावरणमा रातभर हल्ला, रक्सी सेवन र झगडाले उनको मन दुखाउने अवस्था बारम्बार आयो । कामका क्रममा आफन्तसरहका नेपाली साथीहरूले समेत अपमान गर्ने, हेप्ने गरेको अनुभव उनी सुनाउँछन् । प्रोडक्सन विभागमा काम गर्दा थुप्रै प्रकारका काम आफैं गर्नुपर्थ्यो, तर यही अनुभवले उनलाई परिपक्व बनायो ।

## आत्मविकास र सफलताको मूलमन्त्र

दुबई जानुअघि 'कम्प्युटर के हो' भन्ने नै थाहा नपाएका वेदप्रसादले स्वअध्ययन र निरन्तरको प्रयासबाट आफूलाई प्रविधिसँग परिचित मात्र बनाएनन् । त्यसैका आधारमा नेतृत्व क्षमताको विकास गर्दै विभागीय प्रमुख बन्न सफल भए । एसएलसीसम्मको औपचारिक













शिक्षा प्राप्त गरेका उनले युरोप वा अमेरिकाबाट पढेर आएका व्यक्तिहरूको तुलनामा कम पढाइ भए पनि अनुभव र कामप्रतिको लगनले आफूलाई माथि उकास्न सकिने ठोस प्रमाण दिए । उनी भन्छन्, 'शिक्षा ठूलो कुरा होइन, जीवनका अनुभव नै साँचो शिक्षा हो । तर, पढ्दा र नपढ्दा भने धेरै फरक पर्छ । त्यसैले शिक्षाको क्षेत्रमा काम पनि गरेको हुँ ।' अहिले उनी आवश्यकताअनुसार अंग्रेजीमै कुराकानी गर्छन् ।

### समाजसेवा र योगदान

सन् २०१५ बाट उनले सामाजिक क्षेत्रमा पनि महत्वपूर्ण योगदान दिन थाले । नेपालमा २०७२ सालको भूकम्पका बेला पाल्पाली समाज युएईले विशेष अभियान चलाउँदै राहत संकलन गर्दा उनी अगुवाका रूपमा थिए । उनले राहत लिएर नेपाल आएर भूकम्पपीडितको घाउमा मल्हम लगाउने काम गरे । पाल्पाका सामुदायिक विद्यालयमा अक्षय कोष स्थापना गरेर आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको पढाइलाई सहज बनाउने प्रयासको उनले अगुवाइ गरे । समाजले सन्देशमूलक कार्यक्रमस्वरूप सञ्चालन गरेको अक्षयकोष स्थापना कार्यक्रमअन्तर्गत अहिलेसम्म २८ वटा विद्यालयमा २ मिलियन सहयोग गरेको छ । त्यसको नेतृत्वदायी भूमिका पनि उनैले गरेका छन् ।

त्यस्तै, पाल्पाली समाज युएईको महासचिव र अध्यक्ष पदमा रहँदा उनले विभिन्न सामाजिक काम गरेका छन् । पाल्पा जिल्लामा ब्लड बैंक स्थापना हुँदा पाल्पाली समाजले आर्थिक सहयोग गरेको थियो । उक्त रकम हस्तान्तरणका लागि आफू स्वयं उपस्थित भएका थिए । विदेशको माटोमा श्रमबाट जीवन सुरु गरेर नेतृत्व र समाजसेवामा उदाहरणीय योगदान पुऱ्याउने व्यक्तित्व हुन् वेदप्रसाद अर्याल । व्यावसायिक सफलतासँगै उनले सामाजिक उत्तरदायित्वलाई जीवनको अभिन्न हिस्सा बनाएका छन् । दुबईको व्यस्त जीवनशैलीबीच पनि उनले नेपाल र नेपालीका लागि समर्पणसहित गरेका कामले उनलाई विदेशमा नेपालीका अभिभावकका रूपमा स्थापित गरेको छ ।

**युएईका विभिन्न निकायबाट उनलाई थप राम्रो काम गर्नका लागि प्रोत्साहन हुँदै आएको छ । आर्थिक रूपमा सम्पन्न हुँदा पनि उनी सधैं भन्छन्, 'पैसा कमाउनु मात्रै सफलता होइन, सन्तुष्टि समाज सेवामा छ ।'**

### नेपाली समाज युएईको नेतृत्व

पाल्पामा शिक्षा र स्वास्थ्य क्षेत्रमा काम गर्दै जाँदा उनले बुझ्न थाले- पाल्पाभन्दा बाहिर रहेका लाखौं नेपालीको अवस्था पनि निकै कठिन छ । यही बोधसँगै उनले सामाजिक कामलाई अझ फराकिलो बनाउने निधो गरे । त्यसपछि उनी कोभिडको समयमा सन् २०१९ देखि २०२३ सम्म नेपाली समाज युएईको महासचिव बने । कोभिड महामारीका कठिन दिनहरूमा उनले देखाएको नेतृत्व, जोखिम मोलेर गरिएका उद्धार र समन्वयका कामका कारण उनलाई पुनः दुई वर्षका लागि अध्यक्ष पदमा निर्वाचित गरियो । हाल उनी उक्त संस्थाका प्रमुख सल्लाहकारका रूपमा सक्रिय छन् ।

### झण्डै ५ सय नेपालीको शव व्यवस्थापन

वेदप्रसाद अर्यालले सन् २०१९ देखि हालसम्म ५०० भन्दा बढी नेपालीको शव व्यवस्थापनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गरेका छन् । वैदेशिक रोजगारको क्रममा दुबईमा मृत्यु भएका नेपालीहरूको शव नेपाल पठाउने वा युएईमै अन्तिम संस्कार गर्ने संवेदनशील कार्यमा उनले अहम् भूमिका खेल्दै आएका छन् । अलपत्र अवस्थामा वा श्रम स्वीकृति नलिई युएई पुगेका नेपालीको मृत्यु भएपछि शव पठाउन झण्डै ३ लाख रूपैयाँसम्म खर्च लाग्छ । यस्तो अवस्थामा परिवारलाई थोरै पनि बोझ नहोस् भनेर उनले आर्थिक संकलनदेखि नेपाली दूतावाससँग समन्वयसम्मको नेतृत्व लिएका छन् ।

### उद्धार र राहतमा सक्रियता

अलपत्र परेका, ठगिएका वा बिरामी भएर सहयोगको आवश्यकता परेका सयौं नेपालीलाई उद्धार गरी घर फर्काउने काममा उनले निरन्तर सक्रियता देखाएका छन् । उनले विभिन्न स्वयंसेवी समूहहरू गठन गरी उद्धार, स्वास्थ्य सहायता, कानुनी सहयोग र स्वदेश फिर्ताका लागि अभियान नै सञ्चालन गरेका छन् । युएईमा जब कुनै नेपाली समस्यामा पर्छ, सबैभन्दा पहिले

सम्झिने नाम हो- वेदप्रसाद अर्याल । उनले कहिल्यै मैले समय निकाल्न सक्दिन, 'म सँग छैन' भनेनन् । अरूको पीडामा आफ्नो कर्तव्य देखे र सहयोगका लागि आफैं अगाडि सरे । संयुक्त अरब इमिरेट्समा बेलाबेलामा नेपाली चेलीहरूले बाबुबिनाको सन्तान जन्माउने गरेका छन् । उनीहरूको पीडा सुनिदिने मानिस कोही हुँदैन । तर, यस्तो पीडामा साथ दिनेमा अग्रपङ्तिमा आउँछन् वेदप्रसाद । उनले बाबुबिनाको बच्चा जन्माएका र युएईमा अलपत्र अवस्थामा रहेका सयौं नेपाली चेलीको पनि उद्धार गरेका छन् ।

निरन्तरको समाजसेवाले पीडित नेपालीहरूले उनलाई भगवान नै भन्छन् । कोभिडको बेलामा युएईमा हजारौं नेपाली अलपत्र परे । नेपाली दूतावाससँग समन्वय गरेर उनकै नेतृत्वमा उनीहरूलाई नेपाल फर्काउने अभियान सुरू भएको थियो । खान नपाउने र घर फर्किनसमेत नपाएका नेपालीलाई राहतका पोका बोकेर उनी विभिन्न आश्रय स्थलमा पुगेका थिए । फर्किएकाहरूले विमानस्थलबाट भन्ने गर्थे, 'हामीले केही गर्न सकेनौं भने पनि तपाईंलाई हाम्रो आँसु र पीडा पुछिदिएकोमा भगवानले हेर्नेछन् ।' यस्तो भन्दा उनलाई थप काम गर्ने जाँगर चल्यो ।

**समाजसेवा नै सन्तुष्टि**

राम्रो काम गरेको भन्दै उनी विभिन्न निकायबाट सम्मानितसमेत भएका छन् । नेपाली संघसंस्था मात्रै होइन, युएईका विभिन्न निकायबाट समेत उनलाई थप राम्रो काम गर्नका लागि प्रोत्साहन हुँदै आएको छ । आर्थिक रूपमा सम्पन्न हुँदा पनि उनी सधैं भन्छन्, 'पैसा कमाउनु मात्रै सफलता होइन, सन्तुष्टि समाज सेवामा छ ।' उनले आफ्नो आम्दानीको केही प्रतिशत सामाजिक काममा खर्च गर्छन् र अरूलाई पनि सामाजिक उत्तरदायित्वप्रति प्रेरित गर्न कहिल्यै पछि पर्दैनन् । अर्यालको सफलताको कथाले एक जना साधारण नेपालीले विदेशको भूमिमा अत्यन्त जटिल परिस्थितिबाट सुरू गरेर पनि कसरी जीवनलाई सफल, सार्थक र अरूका लागि उपयोगी बनाउन सक्छ भन्ने मानक स्थापित गरेको छ ।

आज, उनी हजारौं नेपालीहरूका लागि केवल सहयोगी मात्र होइनन् । नेता, अभिभावक र प्रेरणाका स्रोत हुन् । उनका कामले प्रष्ट पार्छ, देशको माया सिमाना र पेसाले बाँधिन्न, मनमा प्रतिबद्धता र आत्मामा मानवता हुनुपर्छ । दुबईमा लाखौं रूपैयाँ आम्दानी गर्ने सफल व्यक्ति मात्र होइन, उनी हजारौं नेपालीहरूका लागि मार्गदर्शक, सहयोगी र आदर्श समाजसेवी पनि बनेका छन् । ■


तपाईंलाई न्युजर्सीमा घर खरिद गर्नुपरेमा सम्झनुस्

CONTACT ME FOR
SELLING HOUSES
BUYING HOUSES
RENTING HOUSES

FREEE: CONSULTANCY FOR REAL ESTATE
HOUSE VALUE ESTIMATION
HOUSE UPGRADE CONSULTATION



NEW JERSEY REALTORS® Circle of Excellence Sales Award®

COLDWELL BANKER

(201) 963 -1400 EXT. 9239 OFFICE
(510) 463 - 7133 CELL
(973) 387- 4641 EFAX
WWW.RAJSHRESTHA.CBINTOUCH.COM
RAJESHSHRESTHA78@GMAIL.COM




## फिफा क्लब विश्वकप २०२५

# यस्ता छन् अमेरिकाका १२ रंगशाला

**सन् २०२५ मा संयुक्त राज्य अमेरिकामा पहिलो पटक विश्वभरका उत्कृष्ट ३२ टिमबीच फिफा क्लब विश्वकप आयोजना हुँदै छ। आउँदो जुन १४ देखि शुरू हुने क्लब विश्वकपमा जम्मा ६३ वटा खेल आयोजना हुनेछन्। एक महिनासम्म चल्ने यस ऐतिहासिक प्रतियोगिताका लागि अमेरिकाका विभिन्न शहरमा रहेका १२ वटा स्टेडियम छनोट भइसकेका छन्। मियामीको हार्ड रक स्टेडियममा उद्घाटन खेल हुनेछ भने फाइनल न्यूजर्सीको मेटलाइफ स्टेडियममा खेलाइनेछ। विश्वभरका फुटबल प्रशंसकहरू एक महिनासम्म आ-आफ्नो क्लबको जित-हारको जोड-घटाउमा व्यस्त रहनेछन्। स्वागत गर्न आतुर अमेरिकाका १२ रंगशाला रहेका स्थान, दर्शक क्षमता, सुविधा र विशेषता के-कस्ता छन् त ? यिनै प्रतिष्ठित १२ स्टेडियमको यहाँ चर्चा गरिएको छ–**

### १ मर्सिडिज-बेन्ज स्टेडियम

शहर/स्थान : एटलान्टा
दर्शक क्षमता : ७१ हजार




संसारकै उच्च प्रविधियुक्त रंगशालामध्ये एक हो- मर्सिडिज-बेन्ज स्टेडियम । यो अमेरिकाको एटलान्टा युनाइटेड एफसी फुटबल टोली र एटलान्टा फाल्कन्सको 'होम ग्राउण्ड' पनि हो। एटलान्टाको मुटुमा अवस्थित यो स्टेडियममा मौसम सुरक्षा, प्राकृतिक प्रकाश र भेन्टिलेसन नियन्त्रण गर्ने रेट्र्याक्टेबल छाना रहेको छ । यो एक प्रकारको छाना हो, जुन बन्द गर्न वा खोल्न पनि सकिन्छ । सन् २०१७ मा उद्घाटन भएको यो बहुउद्देश्यीय स्टेडियमको दर्शक क्षमता ७१ हजार रहेको छ । यहाँ भीआईपी गेष्टका लागि १९० लक्जरी सुइटहरू र ६२ हजार वर्गफिटको 'हालो' भिडियो बोर्ड पनि जडान गरिएको छ । जसले फुटबल प्रशंसकहरूलाई खेलको छुट्टै मज्जा प्रदान गर्दछ । यस रंगशालामा समूह चरणका ३, राउण्ड अफ १६ का २ र क्वार्टरफाइनलको १ गरी जम्मा ६ खेल हुनेछन् ।

**समूह चरण**

- समूह डी : चेल्सीविरूद्ध लियोन *(१६ जुन, ३ बजे)*
- समूह ए : इन्टर मियामीविरूद्ध एफसी पोर्टो *(१९ जुन, ३ बजे)*
- समूह जी : म्यानचेस्टर सिटीविरूद्ध अल ऐन *(२२ जुन, ९ बजे)*

**राउण्ड अफ १६**

- समूह बी विजेताविरूद्ध समूह ए उपविजेता *(२९ जुन, १२ बजे)*
- समूह एफ विजेताविरूद्ध समूह ई उपविजेता *(जुलाई १, ९ बजे)*

**क्वार्टरफाइनल**

- राउण्ड अफ १६ : म्याच ३ विजेताविरूद्ध म्याच ४ विजेता *(५ जुलाई, १२ बजे)*

---

### २ बैंक अफ अमेरिका स्टेडियम

शहर/स्थान : शार्लेट, नर्थ क्यारोलिना
दर्शक क्षमता : ७४ हजार

बैंक अफ अमेरिका स्टेडियम संयुक्त राज्य अमेरिकाको

उत्तरी क्यारोलिनास्थित शार्लेटको अपटाउन खण्डमा १३ हेक्टरमा अवस्थित बहुउद्देश्यीय रंगशाला हो । यो स्टेडियम क्यारोलिना प्यान्थर्स फुटबल टोली र एमएलएसको शार्लेट एफसीको 'होम ग्राउण्ड' पनि हो । अत्याधुनिक प्रविधियुक्त सुविधासँगै क्लासिक डिजाइनमा यो स्टेडियम बनाइएको छ । यहाँ वास्तुकलाको बेजोड नमुना देख्न पाइन्छ । बाह्यरूपमा यो स्टेडियम नभई 'ऐतिहासिक किल्ला'जस्तो देखिन्छ । यहाँ खुला हावाको मज्जा लिंदै दर्शकले आफ्नो 'फेबरेट' क्लबको समर्थन गर्न पाउनेछन् । यो स्टेडियममा ७४ हजारभन्दा बढी दर्शकले खेलको आनन्द लिन सक्नेछन् । जम्मा ४ खेल आयोजना हुने यस रंगशालामा समूह चरणका २ र राउण्ड अफ १६ का २ खेल यहाँ हेर्न पाउनेछन् ।



**समूह चरण**

- समूह एच : रियल म्याड्रिडविरूद्ध पचुका *(२२ जुन, ३ बजे)*
- समूह सी : बेनफिकाविरूद्ध बायर्न म्युनिख *(२४ जुन, ३ बजे)*

**राउण्ड अफ १६**

- समूह सी विजेताविरूद्ध समूह डी उपविजेता *(२८ जुन, ४ बजे)*
- समूह ई विजेताविरूद्ध समूह एफ उपविजेता *(३० जुन, ३ बजे)*

---

## ३ टीक्यूएल स्टेडियम

शहर/स्थान : सिनसिनाटी, ओहायो
दर्शक क्षमता : २६ हजार




ओहायो नदीको नजिकै अवस्थित र केन्टकी राज्यसँगको सीमाबाट केवल २ किलोमिटर टाढा पर्दछ– टीक्यूएल स्टेडियम । अमेरिकाको मेजर सकर टोली एफसी सिनसिनाटीको घरेलु मैदान पनि हो यो । फुटबल संसारमै सबैभन्दा असाधारण र नयाँ प्रविधियुक्त आधुनिक रंगशालामा गनिन्छ, टीक्यूएल स्टेडियम । पपुलसद्वारा डिजाइन गरिएको यो स्टेडियम २०२१ मा निर्माण गरिएको हो ।

यो स्टेडियम आधुनिक एलईडी बत्तीका साथै पारदर्शी छाना (रूफ)ले थप आकर्षक देखिन्छ । यो स्टेडियममा २६ हजार दर्शकले खेलको मज्जा लिन सक्नेछन् । यहाँ भीआईपीका लागि ४ हजार ५ सयभन्दा बढी प्रिमियम सिट उपलब्ध छन् । रंगशालामा ५३ वटा परम्परागत सुइटहरू र टनेल क्लब र फर्स्ट फाइनान्सियल क्लबजस्ता प्रिमियम क्लब स्पेशहरू सिनसिनाटीको समृद्ध वास्तुकला इतिहासबाट प्रेरित छन् । यहाँ समूह चरणका जम्मा ४ खेल आयोजना हुँदैछ ।

**समूह चरण**

- समूह सी : बायर्न म्युनिखविरूद्ध अकल्याण्ड *(१५ जुन, १२ बजे)*
- समूह एच : पचुकाविरूद्ध रेडबुल साल्जबर्ग *(१८ जुन, ६ बजे)*
- समूह एफ : मामेलोडी सनडाउनविरूद्ध डर्टमुन्ड *(२१ जुन, १२ बजे)*
- समूह एफ : बोरूसिया डर्टमुन्डविरूद्ध उल्सान *(२५ जुन, ३ बजे)*

---

## ४ रोज बाउल स्टेडियम

शहर/स्थान : लस एन्जलस, क्यालिफोर्निया
दर्शक क्षमता : ८८ हजार ५ सय




क्यालिफोर्नियाको पासाडेनामा अवस्थित रोज बाउल स्टेडियम लस एन्जलस क्षेत्रकै प्रसिद्ध एवम् ऐतिहासिक रंगशाला हो । अक्टोबर १९२२ मा निर्माण सम्पन्न भएको यो रंगशाला घोडाको नालको आकार जस्तो थियो । पछि १९२८ मा दक्षिणी स्ट्याण्डहरू थपिएपछि यसले कचौरा आकार लिएको थियो । यो रंगशालामा सुपर बाउल, ओलम्पिक खेलहरू र वार्षिकरूपमा आयोजना गरिने रोज बाउल फुटबल प्रतियोगिता हुँदै आएको छ । साथै, यहाँको विभिन्न प्रमुख कार्यक्रमहरू आयोजना गरिने स्थल पनि हो रोज बाउल स्टेडियम । माइरन हन्टले डिजाइन गरेको यो क्यालिफोर्नियाको ऐतिहासिक सिभिल इन्जिनियरिङ ल्याण्डमार्क हो । ८८ हजारभन्दा बढी दर्शक क्षमता भएको यो विश्वको ११औं सबैभन्दा ठूलो स्टेडियम हो । यस रंगशालामा समूह चरणका जम्मा ६ खेल आयोजना हुनेछन् ।

**समूह चरण**

- समूह बी : पीएसजीविरूद्ध एट्लेटिको म्याड्रिड *(१५ जुन, १२ बजे)*
- समूह ई : मोन्टेरीविरूद्ध इन्टर मिलान *(१७ जुन, ६ बजे)*
- समूह बी : पीएसजीविरूद्ध बोटाफोगो *(१९ जुन, ६ बजे)*
- समूह ई : रिभर प्लेटविरूद्ध मोन्टेरी *(२१ जुन, ६ बजे)*

- समूह बी : एट्लेटिको म्याड्रिडविरूद्ध बोटाफोगो *(२३ जुन, १२ बजे)*
- समूह ई : उरावा रेड डायमण्ड्सविरूद्ध मोन्टेरी *(२५ जुन, ६ बजे)*

---

## ५ हार्ड रक स्टेडियम

शहर/स्थान : मियामी गार्डेन, फ्लोरिडा
दर्शक क्षमता : ६५ हजार



हार्ड रक स्टेडियम अमेरिकाको मियामी गार्डेन, फ्लोरिडामा अवस्थित एक बहुउद्देश्यीय रंगशाला हो । यो रंगशाला सन् १९८७ मा जो रोबी स्टेडियमका नाममा खोलिएको थियो । प्रो प्लेयर पार्क, प्रो प्लेयर स्टेडियम, डल्फिन स्टेडियम, ल्याण्ड शार्क स्टेडियम, सन लाइफ स्टेडियम हुँदै अहिले अगस्ट २०१६ मा १८ वर्षका लागि २५० मिलियन डलरमा हार्ड रक क्याफे इङ्कलाई नामकरण अधिकार बेचेपछि यो रंगशालाको नाम हार्डरक स्टेडियम रहन पुग्यो । हार्डरकको सन् २०३४ सम्म नामकरण अधिकार कायम रहनेछ । मियामी डल्फिन्स र मियामी हरिकेन्सको घरेलु मैदान रहेको यस स्टेडियममा ६५ हजार बढी प्रशंसकले खेल हेर्न सक्नेछन् । यस मैदानमा समूह चरणका ६ र राउण्ड अफ १६ का २ खेल हुनेछन् ।

### समूह चरण

- समूह ए : अल अहलीविरूद्ध इन्टर मियामी *(१४ जुन, ८ बजे)*
- समूह सी : बोका जुनियर्सविरूद्ध बेनफिका *(१६ जुन, ६ बजे)*
- समूह एच : रियल म्याड्रिडविरूद्ध अल हिलाल *(१८ जुन, ३ बजे)*
- समूह सी : बायर्न म्युनिखविरूद्ध बोका जुनियर्स *(२० जुन, ९ बजे)*
- समूह ए : इन्टर मियामीविरूद्ध पाल्मिरास *(२३ जुन, ९ बजे)*
- समूह एफ : मामेलोडी सनडाउनविरूद्ध फ्लुमिनेन्स *(२५ जुन, ३ बजे)*

### राउण्ड अफ १६

- समूह डी विजेताविरूद्ध समूह सी उपविजेता *(२९ जुन, ४ बजे)*
- समूह एच विजेताविरूद्ध समूह जी उपविजेता *(१ जुलाई, ३ बजे)*

---

## ६ जियोडिस पार्क

शहर/स्थान : न्याशभिल, टेनेसी
दर्शक क्षमता : ३० हजार

टेनेसीको न्याशभिलमा अवस्थित जियोडिस पार्कमा फुटबलका साथै स्थानीय कन्सर्ट र सामुदायिक गतिविधिका लागि बहुउद्देश्यीय रंगशाला हो । यो मेजर लिग सकरमा आबद्ध न्याशभिल एससीको घरेलु मैदान पनि हो । सन् २०२२ मा खोलिएको यो रंगशाला अद्वितीय डिजाइन र सुविधाहरूका लागि परिचित छ । हेर्दा साधारण डिजाइन रहेको रंगशालामा ३६० डिग्रीको रूफ-टप र यहाँ फुटबल समर्थकहरू सुरक्षित रूपमा उभिएर खेल हेर्न मिल्ने ठाउँ पनि छुट्याइएको छ । यो स्टेडियम ३० हजार दर्शक क्षमताको रहेको छ । यहाँ समूह चरणका ३ खेल हुनेछ ।




### समूह चरण

- समूह डी : लियोनविरूद्ध ईएस ट्युनिस (२० जुन, ५ बजे)
- समूह सी : अकल्याण्ड विरूद्ध बोका जुनियर्स (२४ जुन, २ बजे)
- समूह एच : अल हिलालविरूद्ध पचुका (२६ जुन, ८ बजे)

---

## ७ क्याम्पिङ वर्ल्ड स्टेडियम

शहर/स्थान : ओर्लान्डो, फ्लोरिडा
दर्शक क्षमता : ६० हजार



अमेरिकाको फ्लोरिडा राज्यको ओर्लान्डोमा क्याम्पिङ वर्ल्ड स्टेडियम अवस्थित छ । ओर्लान्डोको यो बहुमुखी स्टेडियम खेलकुद कार्यक्रम र कन्सर्टका लागि परिचित छ । खुला छतमा बसेर खेल हेर्न मिल्ने यो रंगशालाबाट नजिकै रहेको थिम पार्क पनि दर्शकहरूले सजिलै अवलोकन गर्न सकिनेछ । यहाँ ६० हजारसम्म फुटबल प्रशंसक अटाउने सिट उपलब्ध छ । यस रंगशालामा समूह चरणका २, राउण्ड अफ १६ का एक र क्वार्टर फाइनल एक गरी जम्मा ४ खेल आयोजना हुनेछन् ।

### समूह चरण

- समूह डी : लियोनविरूद्ध फ्लेमेङ्गो *(२४ जुन, ९ बजे)*

- समूह जी : युभेन्टसविरूद्ध म्यानचेस्टर सिटी *(२६ जुन, ३ बजे)*

**राउण्ड अफ १६**

- समूह जी विजेताविरूद्ध समूह एच उपविजेता *(३० जुन, ९ बजे)*

**क्वार्टर फाइनल**

- राउन्ड अफ १६ म्याच ५ को विजेताविरूद्ध राउण्ड अफ १६ म्याच ६ को विजेता *(४ जुलाई, ३ बजे)*

---

## ८ इन्टर एण्ड को स्टेडियम

शहर/स्थान : ओर्लान्डो, फ्लोरिडा
दर्शक क्षमता : २५ हजार ५ सय




इन्टर एण्ड को स्टेडियम फ्लोरिडाको ओर्लान्डो शहरमा रहेको अर्को रंगशाला हो । ओर्लान्डोको केन्द्र भागमा पर्ने यो रंगशाला वेस्ट चर्च स्ट्रिटको छेउमा अवस्थित छ । यो ओर्लान्डो सिटी एससीको घरेलु मैदान पनि हो । यहाँ फुटबल-केन्द्रित गतिविधि बढी हुने गर्दछ । अप्रिल २०१३ मा ओर्लान्डो शहरले ११० मिलियन डलरको फुटबल रंगशाला निर्माणका लागि जग्गा खरिद गर्न ८.२ मिलियन खर्च गरेको थियो । सन् २०२४ मा 'ब्राजिलियन डिजिटल बैंक इन्टर एण्ड को' ले रंगशालाको नामाकरण अधिकार प्राप्त गरेको थियो । यो रंगशालाको दर्शक क्षमता २५ हजार ५ सय रहेको छ । यहाँ समूह चरणको जम्मा २ खेल हुनेछन् ।

**समूह चरण**

- समूह एफ : उल्सानविरूद्ध मामेलोडी सनडाउन *(जुन १७, ६ बजे)*
- समूह सी : बेन्फिकाविरूद्ध अकल्याण्ड सिटी *(जुन २०, १२ बजे)*

---

## ९ लिङ्कन फाइनान्सियल फिल्ड

शहर/स्थान : फिलाडेल्फिया, पेन्सिलभानिया
दर्शक क्षमता : ६९ हजार

सन् २००३ मा खोलिएको पेन्सिलभानियाको फिलाडेल्फियामा अवस्थित लिङ्कन रंगशाला फिलाडेल्फिया इगल्सको घरेलु मैदान हो । करिब १७ लाख २३ हजार वर्गफिटमा फैलिएको यो विशाल रंगशालाको दर्शक क्षमता ६९ हजार रहेको छ । रंगशालाको उत्तरी छेउमा फुटबल फ्यानहरूका लागि १ लाख वर्गफिटमा फैलिएको हेडहाउस प्लाजा रहेको छ, जहाँ पसल र दर्शकका लागि खेलअघि मनोरञ्जनको व्यवस्था गरिएको छ । यहाँ खुला क्षेत्र, विशाल एलइडी भिडियो डिस्प्लेहरू, खेलकुद एरिना र ५ सय जना अट्ने लक्जरी सिट उपलब्ध छन् । यहाँ कन्सर्टजस्ता अन्य कार्यक्रम पनि हुँदै आएको छ । यस रंगशालामा समूह चरणका ६, राउण्ड अफ १६ को एक र क्वार्टर फाइनलको एक खेल हुनेछन् ।



**समूह चरण**

- समूह डी : फ्लेमेङ्गोविरूद्ध ईएस ट्युनिस *(१६ जुन, ९ बजे)*
- समूह जी : म्यानचेस्टर सिटीविरूद्ध वायडाड *(१८ जुन, १२ बजे)*
- समूह डी : फ्लेमेङ्गोविरूद्ध चेल्सी *(२० जुन, २ बजे)*
- समूह जी : युभेन्टसविरूद्ध वायडाड एसी *(२२ जुन, १२ बजे)*
- समूह डी : एस्पेरेन्स डे ट्युनिसविरूद्ध चेल्सी *(२४ जुन, ९ बजे)*
- समूह एच : साल्जबर्गविरूद्ध रियल म्याड्रिड *(२६ जुन, ९ बजे)*

**राउण्ड अफ १६**

- समूह ए विजेताविरूद्ध समूह बी उपविजेता *(२८ जुन, १२ बजे)*

**क्वार्टर फाइनल**

- राउन्ड अफ १६ म्याच १ को विजेताविरूद्ध राउण्ड अफ १६ म्याच २ को विजेता *(४ जुलाई, ९ बजे)*

---

## १० लुमेन फिल्ड

शहर/स्थान : सियाटल, वाशिङ्टन
दर्शक क्षमता : ७२ हजार



सियाटल, वाशिङ्टनमा रहेको लुमेन फिल्ड बहुउद्देश्यीय रंगशाला हो । यो व्यस्त रंगशालामध्येमा पर्दछ । यो रंगशाला ७० प्रतिशत सिट छानाले ओगटेको र कुल ७२ हजार दर्शक क्षमता भएको खुला हावा बहने गरी डिजाइन गरिएको छ । रंगशालामा

७ हजार क्लब सिट, १२६ लक्जरी सुइट, फिल्ड-लेभलको सुइट र रेष्टुरौँलगायत रहेका छन् । लुमेन फिल्डलाई विश्वकै सबैभन्दा पर्यावरणमैत्री र मनोरञ्जन सुविधा भएको रंगशाला मानिन्छ । लुमेन फिल्डले २०२५ फिफा क्लब विश्वकपका समूह चरणका ६ वटा खेलहरू आयोजना गर्नेछ । यहाँ फिफा विश्वकप २०२६ का खेलहरू पनि आयोजना हुने घोषणा गरिएको छ ।

**समूह चरण**

- समूह बी : बोटाफोगोविरूद्ध सियाटल साउन्डर्स (१५ जुन, ७ बजे)
- समूह ई : रिभर प्लेटविरूद्ध रेड डायमण्ड्स (१७ जुन, १२ बजे)
- समूह बी : सियाटल साउन्डर्सविरूद्ध एट्लेटिको (१९ जुन, ३ बजे)
- समूह ई : इन्टर मिलानविरूद्ध रेड डायमण्ड्स (२१ जुन, १२ बजे)
- समूह बी : सियाटल साउन्डर्सविरूद्ध पीएसजी (२३ जुन, १२ बजे)
- समूह ई : इन्टर मिलानविरूद्ध रिभर प्लेट (२५ जुन, ६ बजे)

## ११ अडी फिल्ड

शहर/स्थान : वाशिङ्टन, डिसी
दर्शक क्षमता : २० हजार



सन् २०१८ मा खोलिएको अडी फिल्ड वाशिङ्टन डिसीमा रहेको विशिष्ट रंगशालामध्ये एक हो । २० हजार दर्शक क्षमता भएको यो रंगशाला एक प्रमुख मनोरञ्जन र कार्यक्रम गन्तव्यका रूपमा प्रख्यात छ । जसमा १५ सय समर्थक सिट, ५ सय फिल्ड-लेभल सिट, १५ सय क्लब सिट र ३१ लक्जरी सुइटहरू समावेश छन् । यहाँ विभिन्न खेलकुद गतिविधि, सांस्कृतिक र सामुदायिक कार्यक्रमका साथै कन्सर्टहरू आयोजना गरिन्छ । बजार्ड प्वाइन्टको विकासमा अडी फिल्डलाई एक महत्वपूर्ण कोसेढुंगा र वाशिङ्टन डिसी शहरका लागि एक बहुमूल्य सम्पत्ति मानिन्छ । यसले फुटबल र अन्य कार्यक्रमहरूका लागि एक प्रमुख स्थल प्रदान गर्दै आएको छ । रंगशालालाई सबैको पहुँचयोग्य र परिवारमैत्री बनाउने गरी डिजाइन गरिएको छ । दक्षिणपश्चिम डिसीको बजार्ड प्वाइन्टमा अवस्थित अडी फिल्ड पुग्न सार्वजनिक यातायातको सजिलो पहुँच छ । यहाँ दुई वटा मेट्रो स्टेशनहरू पनि रहेका छन् । डिसी युनाइटेडको घरेलु मैदान मानिएको यो रंगशाला आधुनिक सुविधा र राष्ट्रको राजधानीमा रहेको स्थानले यसलाई ऐतिहासिक स्थलसमेत मानिन्छ ।

**समूह चरण**

- समूह जी : अल ऐनविरूद्ध युभेन्टस *(१८ जुन, ९ बजे)*
- समूह एच : साल्जबर्गविरूद्ध अल हिलाल *(२२ जुन, ६ बजे)*
- समूह जी : वायदाद एसीविरूद्ध अल ऐन *(२६ जुन, ३ बजे)*

## १२ मेटलाइफ स्टेडियम

शहर/स्थान : न्यूजर्सी, न्यूयोर्क
दर्शक क्षमता : ८२ हजार ५ सय



अमेरिकाको न्यूजर्सीको पूर्वी रूदरफोर्डको मेडोल्याण्ड्स स्पोर्टस् कम्प्लेक्समा रहेको एक बहुउद्देश्यीय स्टेडियम हो । यो न्यूयोर्क शहरबाट ८ किलोमिटर पश्चिममा अवस्थित छ । सन् २०१० मा खोलिएको यो रंगशाला न्यूयोर्क जाइन्ट्स र न्यूयोर्क जेट्सको घरेलु मैदान हो । अनुमानित १.६ बिलियन अमेरिकी डलरमा निर्माण सम्पन्न भएको यो स्टेडियम अमेरिकाको सबैभन्दा महँगो स्टेडियम पनि हो । यो स्टेडियमले ८२ हजार ५ सय दर्शक अटाउने क्षमता राख्दछ । जसअनुसार १० हजार ५ क्लब सिट र करिब २ सय १८ भीआईपी लक्जरी सुइटहरू समावेश छन् । मेटलाइफ स्टेडियमलाई वातावरण संरक्षण एजेन्सी (इपीए)ले 'हरियो रंगशाला' उपनाम दिएको थियो । मेटलाइफमा क्लब विश्वकपका समूह चरणका ५, क्वार्टरफाइनल एक, सेमिफाइनल २ र फाइनलसहित ९ खेल हुनेछन् । यो रंगशालामा २०२६ को फिफा विश्वकपको फाइनलसहित ८ खेल आयोजना हुनेछन् ।

**समूह चरण**

- समूह ए : पाल्मेरासविरूद्ध पोर्टो *(१५ जुन, ६ बजे)*
- समूह एफ : फ्लुमिनेन्सविरूद्ध डर्टमुन्ड *(१७ जुन, १२ बजे)*
- समूह ए : पाल्मेरासविरूद्ध अल अहली *(१९ जुन, १२ बजे)*
- समूह एफ : फ्लुमिनेन्सविरूद्ध उल्सान एचडी *(२१ जुन, ६ बजे)*
- समूह ए : पोर्टोविरूद्ध अल अहली *(२३ जुन, ९ बजे)*

**क्वार्टर फाइनल**

- राउन्ड अफ १६ म्याच ७ को विजेताविरूद्ध राउन्ड अफ १६ म्याच ८ को विजेता *(५ जुलाई, दिउँसो ४:०० बजे)*

**सेमिफाइनल**

- १ को विजेताविरूद्ध २ को विजेता *(८ जुलाई, ३ बजे)*
- ३ को विजेताविरूद्ध ४ को विजेता *(९ जुलाई, ३ बजे)* ■

# Gulshan Terrace

*Where memories are made...*

**BANQUET HALL**
**AFFORDABLE & LUXARIOUS**

**BOOK NOW**









## Our Service:

Wedding
Reception
Engagement
Baptism
Small or Large Event
Catering

CALL US
(929) 507-2877

59-15 37TH AVE, NEW YORK

# साइलेन्ट किल्लर रेबिज

■ **डा. शेरबहादुर पुन**
काठमाडौं

केही दिन अगाडि एक वयस्क महिला छोरालाई कुकुरले टोकेपछि हस्याङफस्याङ गर्दै अस्पताल आइपुग्नुभएको थियो । आफ्नो बच्चालाई कुकुरले टोकेको २४ घण्टा पुग्नै लागिसकेकाले रेबिज खोप तुरुन्त लगाउन उहाँले अनुरोध गर्नुभएको थियो । आत्तिनु स्वाभाविक पनि हो, किनभने रेबिज एक प्राणघातक सरूवा रोग हो । नेपालमा हरेक वर्ष करिब ३५ जनाको हाराहारीमा मानिस यही भाइरसका कारणले मृत्युवरण गर्दै आइरहेको आधिकारिक तथ्याङ्क पनि छ । नेपाली जनसमुदायमा रेबिजविरूद्धको खोप कुकुरले टोकेको २४ घण्टाभित्र लगाई सक्नुपर्छ वा जसरी पनि लगाउनुपर्छ भन्ने व्यापक मान्यता रहेको पाइन्छ । त्यसो भए के कुकुर वा कुनै शङ्कास्पद रेबिज लागेको वा बहुला जनावरले टोकेमा २४ घण्टाभित्र नै रेबिज खोप लगाई सक्नुपर्ने हो त ?

कुकुर वा कुनै शङ्कास्पद बहुला जनावरले टोकेमा खासगरी रेबिज सङ्क्रमणसँग सम्बन्धित चासो लिएर घाइते चिकित्सकको सम्पर्कमा आउने गर्दछन् र स्वस्थाकर्मी, चिकित्सकले पनि रेबिजसम्बन्धी परामर्श वा आवश्यक परे रेबिजविरूद्धको खोप दिने गर्दछन् । रेबिज प्राणघातक सङ्क्रामक रोग हो । नेपालमा रेबिज लक्षण देखिएका कोही पनि बाँचेका र स्वस्थ भएको तथ्याङ्क छैन । झण्डै साढे दुई दशकभन्दा बढीको अनुभवलाई आधार मान्ने हो भने अधिकांश रेबिजबाट मृत्यु हुनेमा रेबिज सङ्क्रमित कुकुरको टोकाइबाट भएको छ । जङ्गली स्याल, बिरालोको टोकाइबाट पनि मृत्यु भएको छ । तर, समग्रमा सङ्क्रमित कुकुरको टोकाइबाट रेबिज लागेर वर्षेनी सयौं नेपालीले हाल पनि मृत्युवरण गर्नुपरेको वा गर्दै आइरहेको अवस्था देखिन्छ ।



जनावरको टोकाइमा बाँदरको टोकाई पनि अग्रपङ्तिमा नै देखिन्छ तर टोकेपछि रेबिज प्रमाणित भएको नेपालमा भने देखिँदैन । यद्यपि विदेशमा भने फाट्टफुट्ट बाँदरबाट पनि रेबिज पुष्टि भएको पढ्न-सुन्न पाइन्छ । नेपालमा बाँदरको टोकाइबाट मानिसमा रेबिज सरेको प्रमाणित नभए तापनि अरू के-कस्तो स्वास्थ्य समस्या (सङ्क्रमण) देखिन, हुन सक्छ भन्नेबारेमा भने सम्बन्धित निकायले चासो लिनुपर्दछ । शहरमा मन्दिर अनि गाउँघरतिर भए खेतबारी, जङ्गल जाँदा मानिसलाई बाँदरले टोक्ने गरेको पाइन्छ ।

हाल खोप लगाउने तरिकामा केही परिवर्तन गरिएको छ । तर, यो जानकारी सरकारी स्वास्थ्य संस्था वा अस्पतालमाबाहेक अरू ठाउँमा खासै पुगेको भने देखिँदैन । सन् २०१७ को अक्टोबरमा विश्व स्वास्थ्य सङ्गठनका विज्ञको बैठकले सन् २०१० को रेबिजसम्बन्धी निर्देशिकालाई प्रतिस्थापन गर्दै नयाँ निर्देशिका सन् २०१८ मा प्रकाशित गरेको थियो । त्यसलगत्तै नेपालले पनि सन् २०१९ मा रेबिजसम्बन्धी नयाँ निर्देशिका प्रकाशित गरेको थियो ।

## कहिलेसम्म लगाउने रेबिज खोप ?

नयाँ निर्देशिकामा देखिएको फरक वा परिमार्जित गरिएको विषय भनेको खोप लगाउने तरिका तथा अवधि हो । यसमा विशेषतः छालामुनि र मासु/मांसपेशी (पाखुराको) गरी दुई प्रकारले खोप दिन सकिन्छ भनिएको छ । यी दुई तरिकाको आधारमा खोपको अवधि पनि एक हप्ता (छाला मुनि) र दुई हप्ता (मासुमा दिने) मात्रा पूरा हुने गरी दिने गरिन्छ । छालामुनि दिने तरिका पहिलोपटक नयाँ निर्देशिकामा समावेश भएर आएको हो । यो तरिकाबाट लगाउँदा खोपको मात्रा कम लाग्ने अनि छिटो अर्थात् मासुमुनि दिने तरिकाभन्दा छोटो अवधिमा सकिने गर्दछ । मासुमुनि दिने तरिका छालामुनि दिने तरिकाभन्दा अवधि लामो भए पनि प्रतिस्थापित निर्देशिकामा भन्दा कम समयमा सकिनेछ । प्रतिस्थापित निर्देशिकामा मासुमुनि दिने तरिका मात्र थियो र त्यो २८ दिनसम्म दिनु पर्दथ्यो । विशेष तालिम प्राप्त स्वास्थ्यकर्मी चाहिने भएकाले निजी क्लिनिक वा अस्पतालमा विशेषतः मासुमुनि दिने तरिकालाई निरन्तरता दिएको देखिन्छ । तर, निजी क्लिनिक वा अस्पतालमा अहिले पनि मासुमुनि दिने तरिका अपनाउँदा पाँच पटक अर्थात् २८ दिनसम्म लगाउन सुझाएको वा लगाइदिने गरेको देखिन्छ ।

खोप त लगाउने तर कति दिनभित्र लगाउनुपर्ने हो भन्ने चासो अधिकांशमा भएको पाइन्छ । रेबिज प्राणघातक सङ्क्रामक रोग भएकाले पनि यस्तो चासो स्वाभाविक मान्न सकिन्छ । समुदायमा भने कुकुर वा जनावरले टोकी हालेमा २४ घण्टाभित्र खोप लगाई सक्नुपर्छ भन्ने मान्यताले व्यापकता पाएको देखिन्छ । खोप जतिसक्दो चाँडो लगाउनु पर्दछ तर ढिलो भयो भन्ने पनि हुँदैन । उदाहरणका लागि, कसैलाई कुकुर वा कुनै जनावरले टोकेको रहेछ भने जतिसक्दो चाँडो नजिकैको अस्पताल वा स्वास्थ्य चौकीमा गएर खोप लगाइहाल्नु पर्दछ तर कुनै कारणले २४ घण्टापछि खोप लगाउन आएमा पनि खोप लगाउनु पर्दछ । यसो गर्नुको मुख्य कारण रेबिज रोगको 'इन्कुभेशन अवधि' सङ्

क्रमित पिच्छे फरक र लामो हुनु हो । 'इन्कुभेशन अवधि' भन्नाले सङ्क्रमित भएर लक्षण देखिने अवधिलाई बुझाउँछ । लक्षण केही हप्तादेखि महिनौंको अन्तरालमा देखिने गर्दछ ।

नेपालमा धेरैमा रेबिजको लक्षण औसतमा चार-पाँच महिनादेखि वर्ष दिनभित्र देखिने गरेको छ । यद्यपि यो शरीरको कुन भागमा टोकेको हो त्यसमा लक्षण देखिने समय अवधि आधारित हुन्छ । खोप लगाउन जतिसक्दो चाँडो अनि ढिलो भन्ने हुँदैन भन्ने हो । कतिपय मानिस खोप लगाउन औषधि पसल जाँदा ढिलो (टोकेको दुई/तीन दिनपछि) आइपुगेकाले खोप लगाएर केही हुँदैन वा लगाउनुको अर्थ छैन भनेर फर्काएको अनि त्यस्ता घाइतेले मृत्युवरण समेत गर्नुपरेको उदाहरण धेरै छन् । यस्ता घटना बढी मोफसलका जिल्लामा भएको पाइन्छ । त्यसैले औषधि विक्रेतालाई पनि समय-समयमा रेबिजसम्बन्धी अभिमुखीकरण तालिम दिने वा रेबिजसम्बन्धी जानकारी उपलब्ध गराउन सके रेबिजबाट हुन सक्ने मृत्युलाई धेरै हदसम्म कम गर्न सकिने देखिन्छ ।

धेरैले घाउ ठूलो भए वा बाहिरको कुकुर वा जनावर टोकेमा मात्र रेबिज खोप लगाउनुपर्छ भन्ने धारणा बनाएको देखिन्छ । तसर्थ, चोट/घाउ ठूलो भएकाको मृत्यु रेबिजबाट हुने सङ्ख्या पनि केही हदसम्म कम भएको देखिन्छ । तर चोट/घाउ सानो भए रेबिज हुँदैन भनेर खोप नलगाउनाले तुलनात्मक रूपमा मृत्यु विगतमा भन्दा हाल बढ्दै गइरहेको देखिन्छ । हाल घरमा पालिएका भनिएका कुकुरसमेतमा रेबिज भाइरस पुष्टि हुने गरेको पनि देखिएको छ । यस्तो समस्या विशेषगरी गाउँघरतिर बढी देखिने गरेको छ । गाउँघरतिर घरेलु कुकुर भन्नाले घरमा खाने/सुत्ने तर दिनमा बाहिर जाने/डुल्ने गर्दा अथवा नियन्त्रण नगरिने हुँदा बाहिरी कुकुर वा जङ्गली जनावरको सम्पर्कमा आउने अनि रेबिज सङ्क्रमित भई परिवारका सदस्यलाई टोकेर सङ्क्रमित गराउने गरेको देखिन्छ ।

**रेबिजबाट कसरी बच्ने ?**

रेबिज रोगबाट बच्ने एक मात्र उपाय भनेको खोप लिनु हो । रेबिजलाई इतिहासमा सीमित गर्ने प्रयास अझै पनि वास्तविकता भन्दा टाढा नै रहेको देखिन्छ । रेबिजबाट मृत्यु हुनेको सङ्ख्या विगतका दशकभन्दा उल्लेखनीय सङ्ख्यामा घटेको तथ्याङ्क देखिँदैन । रेबिज रोग किन बढ्दैछ भन्ने कारणको अनुसन्धान नगर्ने हो भने नेपालमा यो भाइरस 'साइलेन्ट किलर'का रूपमा रहिरहनेछ । बिरामीमा विशेष गरेर हावा तथा पानीदेखि डराउने लक्षण देखिन थालेको केही दिनभित्र मृत्यु निश्चितप्रायः नै हुन्छ । तसर्थ, कुनै पनि जनावर अझ खास गरेर रेबिज सङ्क्रमित कुकुरले टोकेको शङ्का लागे नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा गएर रेबिजविरूद्धको खोप लिनु पर्दछ । ■

*(लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिट संयोजक हुनुहुन्छ)*

